साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक २ २०८३ साउन १२ गते मंगलबार *(July 28, 2026)* मूल्य रू. १०/-


## मानार्थ वाणिज्यदूतहरूलाई सकृय बनाइँदै

परराष्ट्रमन्त्री शिशिर खनालले मानार्थ वाणिज्यदूतहरूलाई आर्थिक कूटनीतिमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेका छन् । लेनदेन र राजनीतिक प्रभावको अक्किल प्रयोग गरेर मानार्थ वाणिज्यदूत बनेकाहरूको कामको मूल्याङ्कन हुनुपर्नेमा आह्वानलाई मानेर तिनले आर्थिक कूटनीतिबाट परिणाम देलान् र ?




गत विहीवार मानार्थ वाणिज्यदूत कोर-नेपालको १९औं वार्षिक साधारणसभा तथा चार्टर दिवस मनाइँदा परराष्ट्रमन्त्रीले परिणाममुखी हुन भनेका हुन् । मानार्थहरू सकृय भए भने पर्यटन र अन्य हितमा काम गर्नसक्छन् ।

## गृहमन्त्रीले कहिले पत्ता लगाउँछन् हत्यारा ?



२०७५ साउन १० गते कञ्चनपुरकी १३ वर्षकी बालिका निर्मला पन्तको बलात्कार र हत्या गर्ने हत्यारा ८ वर्ष पूरा हुँदा पनि पत्ता लाग्न सकेको छैन । थरिथरिका अनुसन्धानहरू गरिएका छन्, तर निष्कर्ष निकाल्न प्रहरी सक्षम भएन ।

निर्मला पन्तको बलात्कार र हत्याको विषय विश्वभरि चासोको विषय हो । विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ भन्ने जवाफ प्रहरीले दिनेगरेको छ । प्रहरीका अनुसार अहिले पनि अनुसन्धान जारी नै रहेको छ ।

नयाँ पुस्ताका बालेन्द्र साह प्रधानमन्त्री छन्, गृहमन्त्रीमा नयाँ जोश र जाँगरका साथ सुदन गुरूङ रहेका छन् । गृहमन्त्रीले जस्तोसुकै अनुसन्धान गर्नुपरे पनि निर्मला पन्तको हत्यारालाई जनसमक्ष ल्याउने र दण्ड दिने वाचा गरेका छन् । तर, न्यायको आवाज उठेको छ, न्याय स्थापित हुनसकेको छैन । आन्दोलनका क्रममा सुन्नी खुनाको समेत ज्यान गयो । डीएनए जाँच, फरक फरक रिपोर्ट र अनुसन्धान जारी रहेको भनिएको छ, गृहमन्त्री सुदन गुरूङ नतिजामा पुग्न सकेका छैनन् । विश्वभरिका प्रहरीले पक्राउ गर्न नसकेको बिकिनी किलरलाई समेत पक्राउ गरेर दण्ड दिन सक्ने नेपाल प्रहरी कहाँनेर चुकेको हो ? संशय अनेक रहेका छन् ।

## ओलीविरूद्ध अखिल र पार्टी नेताहरू

'पार्टी पुनगर्ठनमा पूर्व अखिलहरूको भूमिका' विषयमा भेला र छलफल गरेका पूर्व अखिलहरूले निष्कर्ष निकालेका छन्- नेतृत्वको निशर्त बिदाइ हुनुपर्छ ।

पूर्वअध्यक्ष सुजन कडरिया, नविना लामा, ठाकुर गैरे, माधव ढुंगेल, समिक बडालले पार्टीमा पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको बिकल्प नरहेको जिकिर गरेका छन् । एमाले ऐतिहासिक संकटमा रहेको र यो संकटको निदान पुराना पुस्ताले बिदा लिएर नयाँ पुस्तालाई जिम्मेवारी सुम्पेपछिमात्र सम्भव रहेको बताएका छन् । यो भेलामा पूर्वअध्यक्षहरूले भनेका छन्- नेताहरू मिलेर हात हल्लाउँदैमा अब पार्टीमा ऊर्जा आउँदैन, उहाँहरूले नेतृत्व छोडेको घोषणा गर्दा ऊर्जा आउँछ ।

भेलामा पूर्वअध्यक्षहरूले प्रचण्डको उग्र भाषणलाई खिसीट्यूरी नै गरिदिए । एमाले र नेपाली कम्युनिष्ट पार्टी मिल्दा ५ लाख मानिस उतार्न सकिने र एकैदिनमा राजनीतिक परिवर्तन ल्याउन सकिने भन्ने कुरामा दम छैन । युवाहरूले प्रश्न गरेका छन्- अहिले पाँच सय मानिस उतार्ने स्थिति छ ? पार्टीलाई उर्जाशील बनाउने हो भने नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको अर्को बिकल्प छैन ।

पूर्व अखिल नेताहरूको माग छ- जे जति कमिटीहरू छन्, तिनलाई विघटन गरौं । मूल नेतृत्वले विदा लिएर आफू मूनिको नेतालाई हस्तान्तरण गरून्, एमालेले भोगेको वर्तमान संकटबाट पार्टीलाई बचाउने हो भने सदस्यहरू जाग्नुपर्छ ।

सहभागी अखिलका केही सदस्यहरूले आत्ममिमांसा गरेका छन् । एमाले युवाहरूको आत्मविश्वास गुमेको छ । पार्टीमा उत्साह भर्ने हो भने नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नु उचित हुनेछ । युवालाई केटाकेटी ठान्दा नेतृत्वले स्वत्व गुमायो, पार्टीले संकट भोग्यो, नेतृत्वमा रहेकाहरू अभिभावक भएर बस्दा राम्रो हुनेछ । तपाईंहरूले योगदान गर्न बाँकी केही छैन, पाउन पनि केही बाँकी छैन ।

चर्चित नेतृ उषाकिरण तिम्सेनाले अध्यक्ष केपी ओलीको बिदाइ निशर्त हुनुपर्छ । ग्रेसफूल एक्जिटको कुरा बाँकी छैन । मोती विश्वकर्मालगायतका केही युवाले विगतमा झैं यसपटक पनि पार्टीले गरेको गल्ती सच्याउन अखिल अगाडि सर्नुपरेको छ, एमालेलाई जसरी पनि प्रभावशाली बनाएरै छाड्छौं ।

## नेपालमा बेष्ट बैंक नविल




# लडेको कम्युनिष्ट उठ्लान्

नेपालमा कम्युनिष्टको भविष्य गतवर्षको भदौ २२ गतेसम्म जाज्वल्यमान देखिन्थ्यो । जेनजी बिद्रोहको प्रहारले कम्युनिष्टहरू थला परे । गत फागुन २१ को चुनावपछि कम्युनिष्टहरू भारत, कलकत्ताका ज्योतिवसु वा भारतका कम्युनिष्ट नेता सीताराम यचुरीले हाँकेको कम्युनिष्टको बेहाल अवस्थामा पुगेका छन् । कम्युनिष्ट आन्दोलन र स्थिति सुधार्न सकिएन भने कम्युनिष्टको भविष्य अन्धकार छ भन्ने बुझेर नै माओवादीबाट नेकपा बनाएका प्रचण्ड र एमालेका अध्यक्ष केपी ओलीबीच एकताको अर्को अध्याय सुरूभएको छ ।



अब प्रचण्डको मुठ्ठीको औकात घट्यो । केपी ओलीले हल्लाउने हातको पनि अर्थ रहेन । पूर्व माओवादी रूष्ठ छन्, प्रचण्ड र ओली दुबैले नेतृत्वको पुस्तान्तरण र हस्तान्तरण गर्नुपर्छ भन्ने आवाज उठेको छ । यसकारण प्रचण्ड र ओलीले सुरू गरेको एकताको 'चौथो इनिङ्स'को सम्भावना न्यून हुँदैछ ।

एमालेका महासचिव शंकर पोखरेलले प्रष्टै भनेका छन्- हामीसँग पार्टीका केही कार्यकर्ता र तिनका परिवारमात्र बाँकी छन् । आम जनता हामीसँग छैनन् । अर्का माओवादी नेता नारायणकाजीले भनेका छन्- सुकुम्वासीका पक्षमा सानो जुलुस निकाल्न सकेनौं, हामी के भयौं ? अर्थात् कम्युनिष्टहरू सकिने क्रममा छन्, तथापि मर्ता क्या नही कर्ता, ओली र प्रचण्डले ३ बुँदे सम्झौता गरेर एक भएको अर्को तमासा देखाएका छन् । तथापि प्रचण्डले फुइँकी देखाएका छन्- हामी एकै दिन जिल्ला जिल्लामा एक लाख र राजाधानीमा ५-७ लाख जनता उतारेर सत्ता उल्ट्याइदिन्छौं ।

विश्लेषकहरू प्रचण्डको चेतावनीले चकित परेका छन् । यथार्थमा कम्युनिष्टहरूको हालत ७ लाख सडकमा उतार्न सक्ने देखिँदैन । प्रचण्ड-ओलीको चौथो सम्झौताले प्रचण्डको महत्वाकांक्षा पूरा गर्नसक्छ भन्ने लाग्दैन । जेनजी आन्दोलन अघिसम्म प्रचण्डले जनयुद्ध रहरले हुँदैन, जो कोही प्रचण्ड बन्न सक्दैन भन्नेगर्थे । आज प्रचण्ड जनताबाट पाखामा पुगेका छन् र कम्युनिष्ट एकताको शक्ति बचाउन ओलीसँग एकता गर्दैछन् । फागुन २१ को चुनाव कम्युनिष्ट शक्ति, पार्टीका लागि बज्र प्रहार नै हो । विश्लेषकहरूका अनुसार प्रचण्ड, ओलीको प्रभाव घट्दो छ, बरू कोशीतिर श्रमसंस्कृतिको प्रभाव बढेको छ ।

खप्परमा हात राखेर फागुन २१ को चुनावमा वामपन्थीहरू एक भएर चुनाव लडेको भए रास्वपाले यसरी लतार्ने थिएन भन्दैछन् । यथार्थमा रास्वपाको केही अलोकप्रियता बढेको छ, तर रास्वपाको शक्ति घटेको छैन । हो, पालिका र प्रदेश सरकारमा रास्वपाको उपस्थिति शून्य छ, तर एकवर्षपछि हुने स्थानीय र प्रदेशको चुनावमा रास्वपाले अर्को छलाङ लगाउनेमा शंका छैन । के मार्क्सले लेखेझैं नेपालका कम्युनिष्टहरू इतिहास दोहोरिएर त्रासदीपछि मजाक बनेकै हुन् त ? यही सत्य हो भने जनयुद्ध र त्यसपछिको त्रासदीपछिको २०७२, ०७४, ०७९ र ०८० को प्रचण्ड, ओलीको एकता सत्ताको रजगजमा भएको थियो, अहिले सबैकुरा गुमाएर भएको छ । यतिबेला प्रचण्ड, ओलीका विचारमा फरक मत राख्ने कम्युनिष्टहरूले सम्झेका छन्- २०८१ असार १७ गते स्वर्ग या नर्क जहाँ गए पनि सँगसँगै जाने वाचा । तातो दूध खाँदा मुख पोलेको मान्छे मोही खाँदा पनि फू-फू गर्छ, हो ला त ?

रास्वपा र प्रम बालेन्द्र साह प्रदेश संरचना हटाउने प्रयत्नमा छ । आमनागरिकलाई पनि प्रदेश सभा बोझका रूपमा रहेको छ, जनताले मतलव राखेका छैनन् । प्रदेशमा कम्युनिष्ट मिल्न थालेकोमा केही कम्युनिष्टलाई हर्ष लागेको होला, तर यो हर्ष कति दिन टिक्ला भन्न सकिदैन ।

प्रचण्डको सातो गएको अनुहार र पक्राउ परेपछि एमाले पंक्तिले नै जुलुस निकाल्न नसकेको स्थितिले नेकपा र एमालेको चुरीफुरी अर्थहीन भइसकेजस्तो छ । नेकपा र एमाले संसदमा प्रम बालेन्द्र साहलाई आक्षेप लगाउनमा सिमित छ । तिनले दिएको चेतावनीले तातोपानी पनि लागेको छैन । रास्वपा र बालेन्द्र साह हात्ती लस्केझैं लस्किरहेका छन्, बिरोधका लागि बिरोधले के हुने हो र ? प्रम बालेन्द्रले घूस खाए भनेर विपक्षीले भन्न सकेका छैनन् ।

सुकुम्वासी समस्या समाधान गर्न ढिलाइ गरेर प्रम बालेन्द्र साहको आलोचना भए पनि अब धमाधम राष्ट्रिय समस्याहरू समाधान गर्न, समाजका विविध पक्षसँग वार्ता गरेर अघि बढ्दैछन् । अझै जनतामा रास्वपाले केही गर्छ भन्ने विश्वास छ ।

आमनागरिक प्रम बालेन्द्रलाई सुन्न चाहन्छन् । विपक्षीहरू सार्वजनिक कार्यक्रम गर्न हच्किरहेका छन् । कारण तिनीहरू कतिसम्म अलोकप्रिय भइसकेछन् त ?

एमाले वा नेकपा (माओवादी) नेताहरूले क्रान्ति भन्नु जनताका लागि गाईजात्राको हाँसोजस्तो लाग्न थालिसकेको छ । सुकुम्वासी र गणेश नेपालीको आत्मदाहमा वर्तमान सत्ता जिम्मेवार छ कि बहुदलकालदेखिको अव्यवस्था ? प्रतिपक्षीले यहाँ पनि हल्का राजनीति मात्र गरे ।

यतिबेला कम्युनिष्टहरूका लागि बालेन्द्र सरकार जति छिटो उदायो, उति छिटो पतन हुन्छ भनेर कुर्नुको विकल्प छैन । रास्वपा सरकार कति समय चल्छ, रास्वपाभित्र गुट र फुट हुन्छ कि हुन्न, भ्रष्टाचारमा नुहाउँछ कि नुहाउँन्न, प्रम बालेन्द्र साहको दिनचर्या हेर्दा रास्वपा खण्डित हुन्छ भनेर मान्न सकिन्न । रास्वपा र बालेन्द्र सरकारको शक्ति भनेकै प्रम बालेन्द्रको नैतिक शक्ति हो ।

बालेन्द्र सरकार लोकतन्त्र, संविधानको सुधार र मौलिक अधिकारको रक्षाका लागि उभियो भने यहाँ पनि विपक्षीहरू हार्नेछन् ।यतिबेला कम्युनिष्टहरू स्वार्थका लागि मिलेका हुन् भन्ने सबैले बुझेका छन् ।

जसरी भारतमा कम्युनिष्टको बीउमात्र बाँकी छ, नेपालमा पनि त्यही स्थिति छ । नेपाली यति सजग भइसकेछन् कि कम्युनिष्टबाट भलो हुँदैन भन्ने बुझेछन् ।

## चुनाव हारेको कांग्रेसमा नेतृत्वको द्वन्द्व, फुट्को खतरा

नेपाली कांग्रेसको टुटफुट, जुट कुनै नौलो विषय होइन । टुटफुटले कांग्रेसलाई खासै असर गरेको थिएन । कांग्रेसले सिद्धान्तमा खेलाची गरेको र कम्युनिष्टको पछि लाग्दा कांग्रेस दुरावस्था हुँदै हुँदै जेनजी आन्दोलन झेल्न पुग्यो, त्यसपछिको चुनावमा कांग्रेसले आफ्नो सक्कली अनुहार देख्यो ।

अब त चेत्नुपर्ने हो । एकता र सिद्धान्तमा अडिग बस्न आत्मसमीक्षा गर्नुपर्नै हो । सभापति देउवा उपचारका नाममा सिंगापुर, हङकङतिर भागे । देउवा दम्पत्तिलाई सम्पत्ति शुद्धीकरणदेखि भ्रष्टाचारका अनेक मुद्दामा पक्राउ गर्ने तैयारी थियो । पक्राउ नगर्नु भन्ने आदेश गराउने प्रयास पनि नेपाल फर्कने तैयारीकै लागि हो भन्ने सबेले बुझेकै छन् ।

यथार्थमा पूर्वसभापति शेरबहादुर देउवा उपसभापति पूर्णबहादुर खड्कालाई अगाडि सारेर पार्टी फुटाउन परे फुटाउने र आफै सभापति बन्ने तरखरमा छन् भन्ने यतिबेला चर्चाको विषय बनेको छ । यही उद्देश्य पूरा गर्न खड्कालाई अघि सारेर अलग सम्पर्क कार्यालय खोलेका छन्, राष्ट्रिय भेला गर्दैछन् । गगन थापाको अन्डरमा कुनै हालतमा बस्न नचाहेको देखिन्छ ।

देउवा कांग्रेसजन भन्छन्- साउनभित्रै पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्कनेछन् । देउवा समूहले छुट्टै पार्टी सम्पर्क कार्यालय खोलेका छन् भने विशेष अधिवेशनबाट सभापति बनेका गगन थापा कांग्रेसभित्रको आन्तरिक विवादमा सहमति जुट्छ भन्दैछन् । दुई खेमामा बाँडिएका र पार्टी टुक्रिने मोडमा पुगिसकेको स्थिति आँकलन गर्नेहरू भन्छन्- मनमुटाव बढेको छ, कसरी सहमति जुट्ला ?



चुनावमा १७ लाख भोटमा खुम्चिएको र त्यो पनि घट्ने क्रममा रहेको कांग्रेस सभापति गगन थापा यो चुनौती सामना गर्न पार्टी एकता अपरिहार्य रहेको भन्दै एकतामा असर पर्ने कार्य नगर्न आग्रह गरिरहेका छन् । थापाले पार्टी एकता दबाब अभियानले साउन १६ गते गर्न लागेको राष्ट्रिय भेला समेत स्थगित गर्न आग्रह गरेका छन् ।

खड्का पक्षले आफ्ना सर्तहरू अमान्य भए आफ्ना कृयाकलाप नरोक्ने जनाउ दिएका छन् । गगन थापा देउवासमूहबाट २ जना प्रतिनिधि पठाइदिन भन्दै आफ्ना पक्षका ४ सदस्य राखेर केही दिनमै एकताको सहमति जुटाउने प्रयास थालेका छन् । गगन थापाको एकलकाँटे पाराले एकता र विश्वासको वातावरण बनाउन नसकिने देउवापक्षको भनाइ रहेको छ ।

कांग्रेस एक भएन र नीति सच्याएन भने ठूलो संकटमा फस्ने देखिन्छ ।



## कांग्रेस नै भन्छन्- संवैधानिक राजतन्त्र

बीपी कोइरालाको स्मृति दिवसका अवसरमा नेपाली कांग्रेसका नेता शंकर भण्डारीले पुन: दोहोऱ्याएका छन्- नेपालका सन्दर्भमा संवैधानिक राजतन्त्र अत्यावश्यक रहेको छ ।

भण्डारीको भनाइ छ- वीपीको नाम लिएर मात्र हुँदैन, २०३३ सालको वीपीको नीति पनि बुझ्नुपर्छ । राष्ट्रका सबै राजनीतिक शक्तिलाई एकीकृत गरेर राष्ट्रको स्वाधीनता र अखण्डतालाई बलियो बनाउन सकिन्छ । त्यसर्थ संवैधानिक राजसंस्था पनि देशको लागि आवश्यक छ ।

स्मरणीय छ, वीपीले किन प्रजातन्त्र र राजसंस्था साथसाथै लैजानुपर्छ भनेर अडान राखेका रहेछन्, आज प्रत्येक कांग्रेसले बुझ्नुपर्छ र राजसंस्थासहितको प्रजातान्त्रिक नीति लिनुपर्छ ।

# जदौ क्रान्तिनायकको सम्झनामा



-जयराम बिडारी

'जदौ' क्रान्ति नायक दाहाल यज्ञनिधिको ७३ औं जन्म जयन्ती विशेष समारोह भव्यतापूर्वक मनाउने सिलसिलामा नागार्जुन वाङ्मय प्रतिष्ठानले आफ्नो मासिक सुप्रभात काव्य गोष्ठी पनि सम्पन्न गरेको छ । प्रा.डा. सुधा त्रिपाठीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा डा. हरिप्रसाद सिलवाल, डा. विनोद मन्जन, डा. रमेश शुभेच्छु र पवित्रा सुनार 'सानु' अतिथि वक्ताका रूपमा थिए भने रत्ननिधि रेग्मी 'शुक्राचार्य' कवि विशेषका रूपमा सहभागी थिए । दाहाल यज्ञनिधिकी जीवनसँगिनी सुधा दाहालकको पनि सो कार्यक्रममा उपस्थिति थियो । यसका साथै पुरस्कार छनोट उपसमितिका संयोजक डा. विनोद मन्जन, रोजन राई र गौरी दाहालको सहभागिता रहेको सो कार्यक्रममा पूर्णविरामका कविता पनि वाचन गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रा.डा. सुधा त्रिपाठीले दाहाल यज्ञनिधिको सान्निध्यबारे चर्चा गर्दै दाहालको बुलन्द स्वरको तारिफ गरिन् । उनले आफ्ना कविताहरू साहित्य संसारमा आउँदा र तिनको पच्चीस, पचास रूपैयाँ पारिश्रमिक पाउँदा फुरूङ्ग हुने गरेको गरेको अनुभूति साझा गरिन् । दाहालको हक्की स्वभावबारे परिचर्चा गर्दै त्रिपाठीले आफ्ना राजनीतिक आस्था फरक हुँदाहुँदै पनि स्वभावमा धेरै समानता भएको स्विकारिन् । उनले आफूले ब्रह्मले देखेको लेख्न दाहालले कहिल्यै हात नकमाएको उल्लेख गरिन् ।आफ्नो कथनलाई पूर्णरूपमा दाहालको प्रशंसामा खर्चंदै त्रिपाठीले दाहाल निष्ठाका हिसाबले पूर्णत: समाजवादी भएको स्विकारिन् ।

कार्यक्रममा यस वर्षको जदौ पुरस्कार साहित्यकार प्रकाश सिलवाललाई अर्पण गरिएको थियो । प्रमुख अतिथि प्रा.डा. सुधा त्रिपाठी तथा दाहालकी जीवनसँगिनी सुधा दाहाल तथा नागार्जुन वाङ्मय प्रतिष्ठानका अध्यक्ष दिल पौडेलले सिलवाललाई पुरस्कार हस्तान्तरण गरेका थिए । पुरस्कृत व्यक्तित्व प्रकाश सिलवालले दाहाल यज्ञनिधिको सराहना गर्दै नागार्जुन वाङ्मयसँग दाहालको संलग्नता दरिलो भएको बताउँदै उनी नागार्जुन वाङ्मयका सल्लाहकारहरूको मियो भएको दाबी गरे । आर्थिक साम्राज्य फैलाइरहेका विभिन्न सङ्घ, संस्थाका विकृतिबारे पनि खुलेर बहस हुने गरेको सिलवालले स्मरण गरे ।

डा. रमेश शुभेच्छुले दाहाल यज्ञनिधिको जीवनका आएका व्यवधान र उतिखेर रेडियो नेपालमा कार्यक्रम 'साहित्य संसार' सञ्चालन गर्दा तत्कालीन व्यवस्थाले दिएका यातना र ताडनाका कथाहरूबारे खुलासा गरे । दाहालले शेषपछि शरीर दान गरेको प्रसङ्गदेखि सहजै मृगौला प्रत्यारोपण गर्न पाउनुपर्ने भनी राखेको अडानका विषय पनि शुभेच्छुले उठाए ।

पुरस्कार संयोजक निबन्धकार तथा समालोचक डा. विनोद मन्जनले पुरस्कृत व्यक्तित्व प्रकाश सिलवालको व्यक्तित्व र कृतित्वबारे मात्र प्रकाश पारेनन् बरू सिलवाललाई नै छनोट गर्नुपर्नाको कारण पनि खुलाए ।

समालोचक डा. हरिप्रसाद सिलवालले दाहाल यज्ञनिधिको साहित्यिक विशिष्टताबारे चर्चा गर्दै दाहाल यज्ञनिधिका निबन्ध अत्यन्त मोहनीय भएको भन्दै नपढिएमा एउटा युग नै पढ्न छुट्ने दाबी गरे । जे हो विषयवस्तु त्यही प्रस्तुत गर्नुपर्छ भन्ने दाहालको जीवन दर्शन रहेको सिलवालको जिकिर थियो ।

अतिथि वक्ता पवित्रा सुनार 'सानु'ले कविताबाट आफ्ना भनाइ राख्दै दाहालको अद्भुत क्षमताको मुक्तकण्ठले सराहना गरिन् । सुनारले आदरार्थी 'जदौ'लाई जसरी दलितले मात्र प्रयोग गर्ने हेय शब्दका रूपमा प्रयोग गरिन्थ्यो, दाहालले नै लाक्षणिक रूपमा यसलाई प्रयोग गरेर आम मान्छेको शब्दका रूपमा पुन: परिभाषित गरेको स्मरण गरिन् । दाहालकी जीवनसँगिनी सुधा दाहालले दिवङ्गत दाहालका क्रान्तिकारी आचरणका बारेमा चर्चा गर्दै दाहाल यज्ञनिधि सुधा सदनको स्थापनाबारे सङ्क्षिप्तमा प्रकाश पारिन् ।

रचना वाचन गर्नेहरूमा लक्ष्मण अधिकारी, रामदेव पाण्डे, गङ्गा खतिवडा, युवराज नास्तिक, शिवप्रसाद आचार्य, लक्ष्मणदेव पाण्डे, दिनेश खरेल, कृष्णप्रसाद पौडेल 'जस्ताघरे' लगायतका सर्जकहरूले आआफ्ना सिर्जना वाचन गरेका थिए । कवि पूर्णविरामका कविताका प्रतिस्पर्धीमध्ये चर्चित युवा गीतकार प्रमोद भण्डारी पुरस्कृत भए भने जदौ सम्मानबाट डा. हरिप्रसाद सिलवाल तथा विनोद मन्जन विभूषित भए । प्रतिष्ठानका अध्यक्ष दिल पौडेलले उक्त कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरे भने प्रतिष्ठानका महासचिव युवराज नास्तिकले सहजीकरण गरेको सो कार्यक्रमको उनैले बिट मारे ।



# अरूण खत्री नदीलाई कवचमन्त्र पुरस्कार

साउने सक्रान्तीको दिनमा नइ गृहमा साहित्यकार नरेन्द्रराज प्रसाई, दिदीहरू ललिता शर्मा र शान्ति पौडेल समेतको उपस्थितिमा अरूणबहादुर खत्री 'नदी' लाई डा.अनुकृतिका प्रसाईकृत कवचमन्त्र पुरस्कार नइ एकेडेमीका कूलपति इन्दिरा प्रसाईको हातबाट दिइयो । नइ एकेडेमीले साहित्यकारहरूको यसैगरी सम्मान गर्दै उत्साह दिने गरेको छ ।

# भारत, चीन, अमेरिकाको त्रिकोणमा सार्वभौम सन्तुलनको खोजी



**प्रेम सागर पौडेल**
**नेपाल-चीन पारस्परिक सहयोग समाज**

वर्तमान समयमा नेपालको परराष्ट्र नीतिको केन्द्रीय प्रश्न र चुनौती एउटै रहेको छ- तीन प्रमुख शक्तिहरू भारत, चीन र अमेरिकाबीचको शक्ति सङ्घर्षको त्रिकोणमा आफ्नो स्थान पहिचान र सन्तुलन कसरी कायम राख्ने ?

उत्तरमा चीनसँग १,४१४ किलोमिटर र दक्षिण, पूर्व तथा पश्चिममा भारतसँग १,८५० किलोमिटर खुला सीमा जोडिएको छ । यो अपरिवर्तनीय भौगोलिक यथार्थ हो । तर यसलाई बुद्धिमत्तापूर्ण कूटनीतिद्वारा अवसरमा बदल्न सकिन्छ । अमेरिका पनि हिन्द-प्रशान्त रणनीतिमार्फत नेपालमा आफ्नो उपस्थिति बढाइरहेको छ । यसरी, नेपाल तीन प्रमुख शक्तिहरूको चासो र प्रतिस्पर्धाको केन्द्रबिन्दु बनेको छ । तीन शक्तिबीचको सम्बन्धले परराष्ट्र नीतिलाई प्रत्यक्ष रूपमा प्रभावित गर्छ ।

भारतसँग नेपालको सम्बन्ध खुला सीमा, सांस्कृतिक समानता, आर्थिक अन्तरनिर्भरता र जनस्तरको घनिष्ठ सम्बन्धका बाबजुद दुई देशबीच विश्वासको सङ्कट कायमै छ । सन् १९५० को शान्ति तथा मैत्री सन्धिले नेपालको सार्वभौमसत्तामाथि प्रश्न उठाएको छ । सन् १९६५ को गोप्य सम्झौता, जसले नेपाली सेनालाई भारतीय सैन्य मिसनको निगरानीमा राख्यो । त्यसले पनि दुई देशबीचको असमान सम्बन्धलाई उजागर गर्छ । सीमा विवादले नेपाल-भारत सम्बन्धलाई पटकपटक तनावपूर्ण बनाएको छ । पछिल्लो समय, भारतले सीमा क्षेत्रमा एकपक्षीय रूपमा बाटो, बाँध र पूर्वाधार निर्माण गरेको, नेपाली भूभागलाई डुबानमा पारेको र कालापानी, लिपुलेक तथा लिम्पियाधुरालाई आफ्नो नक्सामा समावेश गरेको विषयले सम्बन्धमा थप तिक्तता ल्याएको छ । सन् २०१५ को नाकाबन्दीले नेपाली मानसपटलमा गहिरो चोट छाडेको छ । जसको सम्झना अझै ताजा छ । त्यसपछि नै नेपालले चीनसँग पारवहन तथा यातायात सम्झौता गरी वैकल्पिक मार्ग खोज्ने नीति अघि बढायो । यद्यपि, भारतसँग नेपालको व्यापार करिब ६४ प्रतिशत भारतसँग हुन्छ । यसबाहेक, भारतले नेपालमा रेलवे, सडक, सिँचाइ र स्वास्थ्य जस्ता क्षेत्रमा पनि सहयोग गर्दै आएको छ । भारतले नेपालको सार्वभौमसत्ताप्रति पूर्ण सम्मान प्रकट गर्नुपर्छ र आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने प्रतिबद्धता व्यवहारमा पनि देखाउनुपर्छ ।

चीनसँग नेपालको सम्बन्ध पछिल्लो एक दशकमा उल्लेखनीय रूपमा विस्तार भएको छ । सन् २०१७ मा नेपालले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) मा हस्ताक्षर गरेपछि चिनियाँ लगानी र पूर्वाधार परियोजनाहरूमा उल्लेख्य वृद्धि भएको छ । सडक, जलविद्युत, प्रसारण लाइन, सीमापार रेलमार्ग र सुख्खा बन्दरगाहजस्ता परियोजनाहरूमार्फत चीन नेपालको विकासमा एक प्रमुख साझेदारका रूपमा उभिएको छ। चीनसँगको सम्बन्धको सबैभन्दा ठूलो उपलब्धि भनेको भारतमाथिको एकांगी निर्भरता घटाउने विकल्पको रूपमा यसले काम गरेको छ। सन् २०१५ को नाकाबन्दीपछि नेपालले चीनसँग पारवहन र यातायात सम्झौता गरेर तेस्रो मुलुकसँगको व्यापारका लागि वैकल्पिक मार्ग खोलेको थियो। सन् २०१६ मा केरूङ-रसुवागढी नाका सञ्चालनमा आएपछि नेपालको उत्तरी व्यापार मार्गले गति लिएको छ । कोरला, किमाथाङ्का, यारी र तातोपानी नाकाहरूको स्तरोन्नति र सञ्चालनले नेपालको भू-रणनीतिक अवस्थितिलाई भूपरिवेष्टितबाट भूजडितमा रूपान्तरण गर्ने सम्भावना बढाएको छ । माथिल्लो तामाकोशी, तातोपानी नाका सडक, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, केरूङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनजस्ता परियोजनाहरू चीनको सहयोगमा अघि बढेका छन् । सन् २०१९ मा राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणपछि दुई देशबीचको सम्बन्ध र साझेदारीको स्तर उकासिएको थियो ।

चीनसँगको सम्बन्धमा पनि चुनौतीहरू छन् । केही परियोजनाको कार्यान्वयनमा ढिलाइ, ऋणको दीर्घकालीन भार र पारदर्शिताको प्रश्नले आलोचनालाई जन्म दिएको छ । बीआरआई परियोजनाको कार्यान्वयन सुरू हुन नसक्दा अपेक्षा अनुसार लाभ लिन नसकिएको गुनासो छ । चिनियाँ ठेकेदारहरूले स्थानीय श्रमिकलाई रोजगारी नदिएको र गुणस्तरमा सम्झौता गरेको आरोप पनि लाग्ने गरेको छ । यद्यपि, चीनले नेपालको सार्वभौमसत्ता र आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिलाई निरन्तरता दिएको छ, जुन नेपालका लागि सकारात्मक पक्ष हो । चीनले नेपालको राजनीतिक मामिलामा कहिल्यै सार्वजनिक रूपमा टिप्पणी गरेको छैन र आन्तरिक निर्णयलाई सम्मान गरेको छ । नयाँ सरकारले चीनसँगको सम्बन्धलाई थप सन्तुलित, पारदर्शी र पारस्परिक लाभको ढाँचामा अगाडि बढाउनुपर्छ । बीआरआई परियोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिनुपर्छ, तर पारदर्शिता र गुणस्तर सुनिश्चित गर्नुपर्छ । ऋणको भार र भुक्तानी क्षमताको मूल्याङ्कन गर्नुपर्छ । चीनसँगको सहकार्यलाई केवल पूर्वाधारमा मात्र सीमित नराखी, प्रविधि हस्तान्तरण, कृषि, पर्यटन र विकासमा विस्तार गर्नुपर्छ ।

विश्वशक्ति भनिएको अमेरिका नेपालको परराष्ट्र नीतिमा तुलनात्मक रूपमा नयाँ तर प्रभावशाली खेलाडी हो । नेपालले सन् १९४७ मा संयुक्त राज्य अमेरिकासँग कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो । त्यसयता, अमेरिकाले नेपालको लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, सुशासन, स्वास्थ्य, शिक्षा र मानवीय सहायतामा योगदान गर्दै आएको छ । सन् २०१७ मा एमसीसी सम्झौतामा हस्ताक्षर भएपछि र सन् २०२२ मा संसदबाट अनुमोदन भएपछि नेपाल-अमेरिका सम्बन्धमा नयाँ आयाम थपिएको छ । ५० करोड डलरको एमसीसी अनुदान विद्युत प्रसारण र सडक स्तरोन्नतिमा केन्द्रित छ । तर, एमसीसी अझै पनि राजनीतिक विवादमा नै छ । अमेरिकी सहयोग नियोग (यूएसएड) मार्फत नेपालले स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रमा महत्त्वपूर्ण सहयोग प्राप्त गर्दै आएको छ । शान्ति कोष (पीस कोर) का स्वयंसेवकहरूले नेपालको ग्रामीण विकासमा योगदान गरेका छन् । अमेरिकाले नेपालको भूकम्प पुनर्निर्माणमा पनि सहयोग गरेको थिया`। तर, पछिल्लो समय सगरमाथा क्षेत्रमा अमेरिकी गतिविधि बढेको, ड्रोन उडान भएको र पाङबोचे गुम्बा पुनर्निर्माणजस्ता घटनाक्रमले अमेरिकाको रणनीतिक चासोप्रति प्रश्न उठेको छ ।

रास्वपाको सरकारले अहिलेसम्म परराष्ट्र नीतिबारे स्पष्ट दस्तावेज सार्वजनिक गरेको छैन उनले सत्तामा आएलगत्तै सुकुम्वासी बस्ती हटाउने कार्यलाई तीव्रता दिए, जसले आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सन्देश दियो । भारतीय विदेश सचिवको भ्रमण प्रधानमन्त्रीले समय नदिएकै कारण स्थगित भएको घटनाले भारतसँगको सम्बन्धमा तनाव सिर्जना गरेको छ । उता, चीनसँग पनि कुनै उच्चस्तरीय भेटघाट वा सम्झौता भएको छैन । अमेरिकासँग भने एमसीसी कार्यान्वयनमा प्रगति भएको छ । यसले नयाँ सरकारको परराष्ट्र नीति अझै स्पष्ट हुनसकेको देखिन्न । नेपालको हितका लागि सन्तुलित, स्वतन्त्र र सार्वभौम परराष्ट्रनीति अपरिहार्य छ ।

पहिलो सूत्र हो, सबै शक्तिहरूसँग समान दूरीको सम्बन्ध ।

दोस्रो सूत्र हो, आर्थिक कूटनीतिलाई प्राथमिकता ।

तेस्रो सूत्र हो, बहुपक्षीय मञ्चहरूमा सक्रियता ।

नेपालले संयुक्त राष्ट्र सङ्घ, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क), बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) र सांघाई सहयोग सङ्गठन (एससीओ) जस्ता मञ्चहरूमा आफ्नो उपस्थितिलाई सक्रिय बनाउनुपर्छ । यी मञ्चहरूले साना मुलुकहरूलाई ठूला शक्तिहरूको दबाबबाट जोगिन र आफ्नो आवाज बुलन्द गर्न सहयोग गर्छन् । विशेषगरी, नेपालले संयुक्त राष्ट्र सङ्घको शान्ति मिसनमा आफ्नो योगदानलाई कूटनीतिक पुँजीका रूपमा प्रयोग गर्न सक्छ । जसले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा सम्मान र प्रभाव दिएको छ। सार्कको अध्यक्षता र बिम्स्टेकको सदस्यताले पनि नेपाललाई क्षेत्रीय कूटनीतिमा सक्रिय भूमिका खेल्ने अवसर दिन्छ ।

चौथो र सबैभन्दा महत्त्वपूर्ण सूत्र हो, आन्तरिक राजनीतिक सहमति ।

परराष्ट्र नीति दलीय स्वार्थभन्दा माथि उठेर राष्ट्रिय सहमतिको विषय हुनुपर्छ । एमसीसी र बीआरआई जस्ता विषयहरूमा चरम ध्रुवीकरणले नेपालको कूटनीतिक क्षमतालाई कमजोर बनाएको छ। नयाँ सरकारले प्रमुख प्रतिपक्ष र सरोकारवालाहरूसँग संवाद गरेर राष्ट्रिय सहमति निर्माण गर्नुपर्छ। नेपालको संसद्मा परराष्ट्र नीतिबारे गम्भीर बहस हुनुपर्छ । विदेश मन्त्रालयको क्षमता अभिवृद्धि गर्नुपर्छ । कूटनीतिक नियोगहरूलाई व्यावसायिक र प्रभावकारी बनाउनुपर्छ ।

निष्कर्षमा भन्नुपर्दा, नेपालको परराष्ट्र नीतिको सबैभन्दा ठूलो शक्ति भनेको सार्वभौमसत्ता हो, जसलाई हामीले कहिल्यै गुमाउनु हुँदैन । नेपाल कुनै पनि शक्तिको कठपुतली वा प्रभाव क्षेत्र बन्नु हुँदैन । हाम्रो भूगोलले हामीलाई दुई विशाल छिमेकीबीच राखेको छ, तर हाम्रो कूटनीतिले हामीलाई तीनै शक्तिसँग सम्मानजनक सम्बन्ध राख्ने अवसर पनि दिएको छ । बालेन्द्र शाह सरकारको परराष्ट्र नीति अझै प्रारम्भिक चरणमा छ। यसले स्पष्ट दृष्टिकोण, परिपक्व कूटनीति र राष्ट्रिय सहमतिको आधारमा आफ्नो बाटो तय गर्नुपर्छ । समयले मात्र बताउनेछ कि यो सरकारले नेपाललाई तीन शक्तिको त्रिकोणमा सार्वभौम सन्तुलन कायम राख्न सफल हुन्छ कि हुँदैन ? तर, एउटा कुरा स्पष्ट छ नेपालको भविष्य यसले लिने परराष्ट्र नीतिको दिशामा नै निर्भर रहनेछ । *यो लेखको उद्देश्य कुनै सरकार वा दलको वकालत गर्नु नभई, मैले चार दशकको अनुभवबाट सिकेको पाठलाई नेपालको परराष्ट्र नीतिको भविष्य निर्माणमा उपयोगी बनाउने प्रयास मात्र हो । हिमालको काखबाट मैले देखेको विश्व र नेपालको स्थान यही हो ।*

# राजसंस्थावादीहरूको छटपटी जारीछ



राष्ट्रवादीहरूको साझा संगठन (२०७७) भक्तपुर, काठमाण्डौ उपत्यका, नेपालले चौतर्फी नेपाली जनता निराश भएर आत्महत्या तर्फ उन्मुख भैरहेको कहालीलाग्दो अवस्थामा राजा गुहार्दै दुई दिने प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।

अभियन्ता माया पाण्डे भन्नुहुन्छ "१५० जना दृढ संकल्पित नेपाली नागरिक भए पुग्छ, राजा ज्ञानेन्द्रलाई श्रीपेच पहिर्‍याउन ।" प्रत्येक दिन १ घण्टा, देशको चौथो अंगका पत्रकारबन्धुहरूसंग भेटघाट गर्ने छौं । नेपालको परिप्रेक्ष्यमा विद्यमान राजनीतिक दलहरूले संवैधानिक राजतन्त्रको महत्व नबुझ्दाको परिणाम ३६ वर्ष लामो राजनीतिक यात्रा खेर गएको छ भन्दै माया पाण्डेले राजालाई मार्दा, राजालाई हटाउँदा के कस्तो वित्यास आईलाग्दो रहेछ भन्ने सबैले बुझ्नेहोलान् भन्नुभयो । श्री श्री श्री शक्तिस्वरूपा पाँचकन्या गड्यौली माई, नल्लु २, क्योम्जोसोम गाउँपालिका ललितपुरमा पर्छ । राजावादी समूहले माता गुहारेका छन् । राष्ट्रिय समाजसुधार संस्थाको एक कार्यक्रममा शंकर मघैया, अतिथी वरिष्ठ अधिवक्ता जुक्तिजंग लामिछानेले राम्रो विचार र नियत सफा भएको व्यक्तिहरू सानै समुहमा हुने उदाहरण दिंदै राष्ट्र गुरू योगी नरहरिनाथ, डा. डिल्लीरमण रेग्मी, राजेश्वर देवकोटा, परमहंस, डा. केशरजंग रायमाझीहरूको जिवनको कठिनाईहरूको व्याख्या र सम्झना गरेका छन् । वरिष्ठ पत्रकार प्रेम कैदीले राजा ज्ञानेन्द्रलाई शुभकामना चढाउनु भनेको सिंगो राष्ट्र राष्ट्रवासीलाई शुभकामना दिनु बराबर हो । राष्ट्र अहिले पूरा विदेशीको कब्जामा छ । देशको लागि स्वाभिमानी नागरिकहरू जुर्मुराउन पर्ने परिस्थिती निर्माण गर्नुपर्छ होइन भने देश मर्छ भन्नु भयो ।

पृथ्वी विचारका प्रखर वक्ता खगेन्द्र राज सिटौलाले पृथ्वी विचार नै महेन्द्र , वीरेन्द्र र ज्ञानेन्द्रका योगदानसंग जोडेकोले पृथ्वी विचारलाई अगाडी बढाउन सक्यो भने राष्ट्र पक्कै बाँच्ने छ भन्नुभयो । वरिष्ठ पत्रकार एवं अभियन्ता नव पन्तले देशलाई बेच्ने चाहने र बेच्न दिनु हुँदैन भन्नेहरू विच द्वन्द तिव्र भैरहेको छ । जबसम्म हामीहरू जिवित छौं देशलाई जसरी भए पनि बचाउँछौं भन्नुभयो ।



# सरकारसँग इलाम विकास समाजको माग

इलाम जिल्लामा आएको बाढी, पहिरो तथा भू-कटानको दीर्घकालीन रोकथाम, पीडितलाई क्षतिपूर्ति, पुनर्निर्माण तथा सडक सञ्जाल तत्काल सुचारू गर्न इलाम विकास समाजको गम्भीर ध्यानाकर्षण

इलाम विकास समाजले इलाम जिल्लामा निरन्तर वर्षाका कारण आएको बाढी, पहिरो तथा भू-कटानबाट जनधन, सडक, पुल-पुलेसा, खानेपानी, विद्युत्, कृषि तथा सार्वजनिक एवं निजी संरचनामा भएको व्यापक क्षतिप्रति गहिरो दु:ख र चिन्ता व्यक्त गरेको छ।

गत वर्ष (वि.सं. २०८२ साल असोज १८ र १९ गते) इलाममा आएको विनाशकारी बाढी तथा पहिरोपछि दीर्घकालीन रोकथाम, जोखिम न्यूनीकरण तथा पूर्वाधार सुदृढीकरणका प्रभावकारी उपायहरू कार्यान्वयन हुन नसक्दा यस वर्ष पनि मनसुनजन्य विपद्ले जिल्लाको जनजीवन पुन: अस्तव्यस्त बनेको छ । यसले विपद् व्यवस्थापनमा दीर्घकालीन सोच, पर्याप्त लगानी तथा प्रभावकारी कार्यान्वयनको आवश्यकता अझ स्पष्ट रूपमा उजागर गरेको छ।

विशेष गरी मेची राजमार्ग तथा जिल्लाका विभिन्न ग्रामीण सडकहरू अवरूद्ध हुँदा नागरिकको आवतजावत, स्वास्थ्य सेवा, शिक्षा, कृषि उपजको ढुवानी, पर्यटन तथा दैनिक उपभोग्य वस्तुको आपूर्तिमा गम्भीर असर परेको छ । प्रभावित समुदाय अझै कठिन परिस्थितिमा जीवनयापन गर्न बाध्य भएको अवस्थाप्रति इलाम विकास समाज, काठमाडौं गम्भीर चिन्ता व्यक्त गर्दछ।

यस परिस्थितिमा इलाम विकास समाज नेपाल सरकारसँग निम्न माग गर्दछ:

१. इलाम जिल्लालाई तत्काल विपद् संकटग्रस्त जिल्ला घोषणा गरी राहत, उद्धार, खोज तथा पुन:स्थापनाका कार्यलाई युद्धस्तरमा सञ्चालन गरियोस् तथा आवश्यक विशेष बजेट र स्रोत-साधन तत्काल उपलब्ध गराइयोस् ।

२. प्रभावित परिवारलाई तत्काल राहत, उद्धार, स्वास्थ्य सेवा, खाद्यान्न तथा सुरक्षित आवासको व्यवस्था गरियोस् ।

३. गत वर्षको विपद्बाट ज्यान गुमाएकाका परिवार, घाइते, घरबारविहीन तथा सम्पत्ति गुमाएका पीडितलाई घोषणा गरिएअनुसारको क्षतिपूर्ति, राहत तथा पुन:स्थापनाको व्यवस्था तत्काल सुनिश्चित गरियोस् ।

४. मेची राजमार्गसहित अवरूद्ध सडक, पुल-पुलेसा, खानेपानी, विद्युत् तथा अन्य आधारभूत सेवाहरू युद्धस्तरमा मर्मत गरी तत्काल सुचारू गरियोस् ।

५. क्षतिग्रस्त भौतिक पूर्वाधारको दिगो पुनर्निर्माण तथा पुन:निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाइयोस् ।

६. जोखिमयुक्त बस्तीहरूको वैज्ञानिक अध्ययन गरी सुरक्षित पुनर्वास कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।

७. इलाम जिल्लाका लागि पहिरो नियन्त्रण, नदी व्यवस्थापन, भू-कटान रोकथाम, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी दीर्घकालीन गुरूयोजना बनाई पर्याप्त बजेटसहित कार्यान्वयन गरियोस् ।

८. संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय गरी पुनर्निर्माण तथा पुन:स्थापनाका कार्यलाई तीव्रता दिइयोस्।

९. विपद् व्यवस्थापनका सबै चरणमा स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारसँग प्रभावकारी सहकार्य गरियोस् ।

इलाम विकास समाज विपद्को यस कठिन घडीमा प्रभावित सम्पूर्ण समुदायप्रति ऐक्यबद्धता व्यक्त गर्दै सम्मानजनक पुन:स्थापना, दिगो पुनर्निर्माण तथा भविष्यमा यस्ता विपद्को पुनरावृत्ति रोक्न नेपाल सरकारबाट तत्काल, प्रभावकारी र दीर्घकालीन कदम चाल्न जोडदार आग्रह गर्दछ ।

राधेश्याम लेकाली- अध्यक्ष
अर्जुन भट्टराई- सचिव


## नौलो हर्ष

**नौलो हर्ष नौलो वर्ष**
**आशा उमंगको उत्कर्ष**
**छोडी दु:ख पिडा दर्द,**
**रमाऔं अबको वर्ष ।**

**विस्मृत गरौं तिता-टर्रा बात ,**
**स्मरण गरौं राम्रा रसिला याद,**
**लक्षित गरौं सुनौला काम,**
**हृदय लाई राखी आफु साथ ।**

**लेखाजोखा गरौं आफ्नै,**
**गर्यौ कति गतीला काम ?**
**कति हास्यौं कति रूयौं ?**
**कति दियौं हर्ष र विस्मात ?**

**बाचा गरौं पूरानो वर्षको**
**अन्तिम रात ,**
**सर्वत्र खुशीयाली फिजाउने**
**हुने छ प्रयास ,**
**यसरी गरौं नुतन वर्षको**
**नवीनतम शुरूआत ।**



**दिपक इन्दु तोदी**
**तमन्ना इलेक्ट्रिक, धरान**

## स्वीकारोक्ति सिद्धि पुरस्कार





# इन्दिराको बघेनी्



*अरूणबहादुर खत्री*

कथाकार इन्दिरा प्रसाईँको बघेनी नामक कथासङ्ग्रह । कथासङ्ग्रहभित्र कथाकार इन्दिराद्वारा लेखिएका ११११, आ बराबर आत्महत्या बराबर दुष्यन्त, अनिल भाइ ! के यो कथा तपाई को पुर्खाको हो ?, औजार, बघेनी, बिहेको बाजा, एउटा रोज है गीता लगायत विभिन्न शीर्षकका १३ वटा कथाहरू समेटिएका छन् । ११११ शीर्षकको पहिलो कथामा 'सर, शम्भुराम सुब्बासाब त निकै पावरफुल रहेछन् नि, उनी त अर्थसचिवका ज्वाइँ रहेछन् । लोकसेवाको परीक्षासमेत हाम्रै सचिवज्यूकै कृपाले पास गरेका रहेछन् नि !' एक दिन रमेशनाथकै अन्तर्गतको शाखा अधिकृत रामप्रसादले भनेका छन् । 'के भयो त ? उनको काम उनी गर्लान्, हाम्रो काम हामी ।' रमेशनाथले सहजतापूर्वक जबाफ दिएका छन् । शम्भुरामबारे आफूले सङ्कलन गरेको टीकाटिप्पणीमा रमेशनाथले कुनै उत्साह नदेखाएपछि रामप्रसादले पनि कुरा अन्तै मोडेको देखिन्छ । यो कथासङ्ग्रह कथाकारले आफ्नो परिवारको सबैभन्दा कान्छो सदस्य त्रिजल झाका स्नेहमा समर्पित ! गरेर लेखेकी छिन् । बेरोजगार मुलुकमा सङ्ख्यात्मक रूपमा धेरै पत्रकार र साहित्यकार उम्रिन्छन् भन्ने कथाकारलाई लाग्दछ । हुन त वैंसमा कवि र कलाकार नहुनु मानवोचित स्वभाव होइन पनि भनिन्छ । अनि बैंस रित्तिँदा पनि वाङ्मयप्रतिको लगाव यथावतै रह्यो भने ती वास्तविक स्रष्टा वा कलाकार मान्नुपर्ने हुन्छ । वैंसैले मात्रै उर्लिएर वाङ्मयमा प्रवेश गरेका सर्जक वा सिर्जनाहरूमध्ये कति हुर्किन्छन्, सप्रिन्छन् वा फुल्छन्, फक्रिन्छन् भनेर कथाकारले भनेकी छिन् ।




बराबर आत्महत्या आत्महत्या बराबर दुष्यन्त शीर्षकको कथामा पाँचौ दिन : हिजो बेलुकीको खाना हामीसँगै खाएर ऊ आफ्नै घरतिर लाग्यो । मलाई पनि जाऊँ भन्दैथ्यो, मेरो लेख्ने पढ्ने काम भएकाले मैले जान मानिनँ । आज साँझपख गन्थनमन्थन गर्न ऊ आएको थियो । किन हो हिजोआज उसलाई दिक्क लाग्छ रे ! घरको एकान्त कोठामा कस्तोकस्तो आवाज आएको जस्तो लाग्छ रे ! भनेर इन्दिराले लेखेकी छिन् । अनिल भाइ ! के यो कथा तपाई को पुर्खाको हो ? शीर्षकको कथामा मेरा बुबा इतिहासका प्राध्यापक थिए । उनी किताबमा लेखिएका कुराहरू मात्र प्राध्यापन गर्दैन थिए । उनी त व्यक्तिको नालीबेली खोतल्ने कलामा पनि खप्पिस थिए । अनिलका पुर्खाको मात्र होइन, उनका सम्पर्कमा आएका धेरै मानिसहरूका पुर्खाका बारेमा उनले जानकारी पाएका कुराहरू हामीलाई भनिरहन्थे । यस बेला मलाई अनिलका पुर्खाको कथा तपाईहरूसामु राख्न मन लागेको छ भनेर लेखिएको छ । औजार शीर्षकको कथामा हावा निकै जोरजोरले चलिरहेको थियो । तबै पनि प्रकृति मनोरम थियो । मन्त्रोच्चारणको आवाज टाढाटाढासम्म गुञ्जायमान थियो । प्रकृति सुगन्धमय थियो । चारैतिर फलफूलले ढाकिएर वातावरण रहरलाग्दो देखिन्थ्यो । स्वच्छ र सफा खोलानालाहरू कलकल ध्वनिका साथ बगिरहेका थिए भनेर कथाकार इन्दिराले लेखेकी छिन् । कथासङ्ग्रहको नाम बघेनी शीर्षकको कथाभित्र मैले लेख्न लागेको कथाचाहिँ अब अघि बढ्ने सुरमा छ : तर यो शिशिरवसन्तको कथा होइन, हुन पनि सक्तैन, किनभने यो शिशिरकी रानीको कथा हो । अब मसँग मैले फोहोरको डङ्गुरमा फेला पारेको अस्तित्व त थियो । उसले आफ्नो परिचय दन्त्यकथाकी रानी भनेर दिएकी त छे, तर ऊसँग कथाको वस्तु छ, छैन र कथावस्तु भएरै पनि उसमा पात्रता छ, छैन ? मैले कसरी थाहा पाउने ? भनेर प्रश्न गरिएको छ । 'ए बघेनी ! के तिमी मेरो कथाको पात्र बन्न सक्छेऊ ?' अस्तित्वसँगको कुराकानीमा नयाँपन पाएपछि मैले आफ्नो कथाकारिताको सफलताको पूर्वानुमानमा हौसिएर आफैँले नामाकरण गरिएकी 'बघेनी' नाउँकी अस्तित्वसँग पुन: वार्ता थालेको थिएँ भनेर लेखिएको छ ।

यस कथासङ्ग्रह भित्र प्रकाशित बिहेको खाजा शीर्षकको कथामा आज अञ्जलीको बिहे । यस सहरकी धनाढ्य गौरीशङ्करकी छोरी अञ्जलीको बिहे धूमधामसँग हुनु कुनै आश्चर्य पनि थिएन । सहरका अधिकांश मर्यादित व्यक्तित्वहरू र गौरीशङ्करका नातेदारहरू विवाहस्थलमा खचाखच भरिएका थिए । आज विवाहको लगन बेलुकी साढे आठ बजे नै भएकाले जन्ती पनि छिट्टै आउने कार्यक्रम थियो । काठमाडौंको मङ्सिर महिनाको मीठो जाडोमा केटीपट्टिका अधिकांश पाहुनाहरूले भोज खाइसकेका थिए । क्रमश: साँझ छिप्पिँदै थियो र अब जन्ती आइपुग्ने बेला पनि भइसकेको थियो किनभने भर्खरै भत्खरू आएर जन्तीको सूचनासमेत दिइसकेको थियो ।

एउटा रोज है गीता ! कथामा, त्यसैले गीता ! मैले तिम्रै अनुरोध पूरा गर्ने लक्ष्य लिएर मेरो कथाकारलाई जगाउन थालेँ । निकै गाह्रो पऱ्यो त्यसलाई जगाउन । साँच्चै निदाएकालाई जगाउन सकिन्छ तर निदाएको बहाना गर्नेलाई जगाउन सकिँदैन भन्ने उक्तिको सार्थकता मेरा अघि देखा पऱ्यो । मेरो कथाकार पनि निदाउँदो रहेनछ, ऊ त निदाएको बहाना मात्रै गर्दो रहेछ भनेर कथाकारले लेखेकी छिन् । पेसा कथाभित्र आजको समाजमा वैवाहिक संस्थाको आवश्यकता लेखिएको ठूलो तुल सभाकक्षको भित्तामा टाँगिएको थियो । तुल टाँगिएकै भित्तामुन्तिर पन्ध्र जना मानिसहरूका लागि कुर्सी राखिएको मञ्चको व्यवस्था थियो । तुलमा लेखिएको विषयमा उपत्यकाका क्याम्पसस्तरका विद्यार्थीहरूका बीच प्रतियोगितात्मक वादविवाद कार्यक्रमको आयोजना गरिएको थियो । नेपालको मुलुकी ऐनमा भर्खरै मात्र पुरूषहरूले पनि पारपाचुकेका लागि अदालतसमक्ष पहिलो उजुरी गर्न पाउने नयाँ कानुन पारित भएको सन्दर्भ पनि यस बेला मननयोग्य चर्चाको विषय थियो भन्ने लेखिएको छ ।

झल्याँस्स शीर्षकको कथामा जे होस्, उनीहरू जोईपोइले नै सहिद पनि हुनु परेन । बेपत्ता पनि हुनु परेन । छोराछोरी हुर्काउँदाहुर्काउँदै मर्ने र मार्ने खेल पनि सकिएको थियो । उनीहरू सुरक्षित अवतरण गर्न पाउने भाग्यमानी दम्पती र डाहालाग्दा परिवार भएका थिए । दस कक्षा पढेको टाठोबाठो केटो ऊ नेताको झोला बोक्दाबोक्दै पार्टीको खास नेता बनेकै देखिन्छ । तिम्रो खुसी मोमिला शीर्षकको कथाको दोस्रो दृश्यमा पत्रिकामा फलानाको पिताको निधन भएको विज्ञापन छापिएको थियो । कुनै समयमा फलानासँग हाम्रो निकै घनिष्ठता भएका कारण आत्मीय औपचारिकता निर्वाह गर्न हामी पतिपत्नी फलानाको घर खोज्दै पुगेका थियौं । फलानाको घरपरिसर निकै भव्य रहेछ । फलाना शोकमग्न अवस्थामा थिए । पिताको असामयिक निधनमा पुत्रमा पर्ने सर्वमान्य पीडा उनले पनि वहन गरेका थिए । 'यिनी मेरी पत्नी हुन्, मेरो सम्पूर्ण परिवार सञ्चालन गर्ने यिनै हुन्, यो घर यिनकै कारण यस रूपमा छ ।' फलानाले आफ्नी पत्नीलाई हाम्रा अघि प्रस्तुत गरेका थिए । केही अघि उनका अनुहारमा देखिएको पिताको मृत्युको शोकपूर्ण भावहरूलाई तुरून्तै पत्नीदम्भले ढाकेको थियो । त्यहीँ फलानीलाई पनि मेरा दृष्टिले खोजिरह्यो । तर त्यो मेरो असफल प्रयत्न साबित भयो भनेर कथाकारले भनेकी छिन् ।

उकुचको जलप शीर्षकको अन्तिम कथामा हाम्रा पूर्वजले वर्षौं लगाएर स्थापना गरेको पितृसत्तात्मक सामाजिक ढाँचाको म विरोधी थिइनँ । मेरो जन्मका पूर्वाधार मेरा पुरूष पूर्वजहरू, शिशु अवस्थादेखि मेरो संरक्षण र मेरो व्यक्तित्व विकासका आधार मेरा पिता, मेरो बाल्यकालदेखिकै मेरो प्रथम मित्र र सहयोगी बनेको मेरो भाइ, पाठशाला, कलेज र विश्वविद्यालयमा मलाई ज्ञान दिने मेरा गुरूहरू र मलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने पुरूष मित्रहरू पनि थिए भनेर कथाकारले लेखेकी छिन् । कथाकार इन्दिरालाई बधाई ।

कथाकार: इन्दिरा प्रसाइँ — कृति: बघेनी (कथासङ्ग्रह)
प्रकाशक: नइ प्रकाशन — मूल्य: रू. ५००।- प्रथम संस्करण : २०७९

# माहिला साहिलाको पसिना सधैं कतारमा

माइली नि हतारमा साहिली नि हतारमा
छोराछोरी बिचरा सधैं लतार पतारमा
येस्तै रहेछ पीडा घरदेश अनि परदेशको
माहिला साहिलाको पसिना सधैं कतारमा ।



**- टीका चापागाईं**

आफू चाउरिएर पनि कसैलाई त केही गरेकोछु
पापी पाखण्डीहरूको मनबाट भने पर सरेकोछु
ती अधर्मी भुइंफुटुवाहरूले धाक लाउनै पर्दैन
तिनैको अमूर्त चित्रमा मैले मूर्तरूप भरेकोछु ।



**- ज्ञान उदास**

रोए पनि यहा म बाहेक, अरू कस्ले सुन्छ र,
कहि पनि व्यथा बिरहका, कस्को मन छुन्छ र,
मनमा आंधि छ अधरमा,मुस्कानको बाछिटा
हास्नुमै छ आनन्द, जीवनको,रोएर के हुन्छ र ?



**- अर्जुन अधिकारी**

अझ ह्वाङ्डै हुँदै छन्
अझ छ्याङ्डै हुँदै छन्
नचिन्ने बाँकी को होला ?
अझ नाङ्गै हुँदै छन् !!



**- इन्द्रकुमार श्रेष्ठ**

पूर्वपश्चिम उत्तरदक्षिण माया लाउने गर्छौं
बेलाबेला दिल्लीतिर पनि धाउने गर्छौं
पराइका सामु अगि लम्पसार परिपरि
स्वाभिमानी नेपालीको शिर झुकाउने गर्छौं



**- जेवी खत्री**

बर्षाको रात गहिरिदै थियो
पहाडी मन पहिरीदै थियो
सावने झरि आँखा भरि भरि
भलमा सपना तैरिदै थियो !



**- पुष्पा केसी भण्डारी**




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# शासन अब मंगलसेनको घोडा बन्न सक्दैन

०४६ सालमा बहुदल पुनर्स्थापना भएपछि बहुदल मैमत्ता बनेको मंगलसेनको घोडा बनेर खुब कुद्यो । अब सुशासन आउला कि, आउला कि भन्दा भन्दै बहुदलले श्री गुमायो । नीति, सिद्धान्त गुमायो । बहुदलीय नेताहरूले नैतिकता गुमाए । कुनै पनि दलमा, दलीय शासनमा इमान भन्ने बाँकी रहेन । यत्ति भनिसकेपछि बहुदलले के दियो भनेर भनिरहनु पर्दैन, किनकि बहुदलले दिएको भ्रष्टाचारमात्र हो ।

राजाले दुई वर्षमा चुनाव गराएर शासनसत्ता चुनाव जित्ने दलहरूलाई नै फिर्ता दिन्छु भन्दा दलहरू मानेनन् । भारत मानेन । दरवार हत्याकाण्डपछि नेपालबाट राजतन्त्र नै फाल्ने योजना बुनिएको रहेछ । जुन राजाको हातबाट मरेको संसद ब्यूँताइयो, त्यही राजासँग सपथ खाएको तत्कालीन सरकार प्रमुख आफै कामु राष्ट्राध्यक्ष बने, अन्तमा चुनाव हारेका नेतालाई संसदमा राजतन्त्र उन्मूलनको प्रस्ताव पेश गर्न लगाइयो र टेबुल ठटाएर राजतन्त्र फालियो । देशमा सुशासन आउँछ भने, सुख पाइन्छ भने ठिकै छ नि त भनेर जनताले दलहरूको निर्णयलाई स्वीकारे ।

गणतन्त्र कार्यान्वयन भयो, भारत खुशी बन्यो, भारतवादी पार्टी र नेताहरू खुशी भए । बहुदल आउँदा जनताले दुःख र कष्टमात्र पाए । लोकतान्त्रिक गणतन्त्र ल्याइयो, जनताले पीडामात्र पाए । ०४६ सालपछिको बहुदल र ०६५ सालपछिको लोकतान्त्रिक गणतन्त्रले देशलाई के दियो भनेर हेर्दा भ्रष्टाचारको दलदलबाहेक केही दिएन । शान्ति, सुरक्षा, सुशासन, जनताले पाउनै पर्ने नैसर्गिक अधिकारहरूमा दल र दलीय नेताहरूले लूट मच्चाए । यहाँसम्म कि अमेरिकी राष्ट्रपतिले समेत नेपाल फ्रडहरूले चलाएको आरोप लगाए । नेताहरूले आफ्नै नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएरसमेत अमेरिका पठाए । नेपाल ग्रेसूचीमा पऱ्यो । नेपालीहरू प्रत्येक दिन उकुशमुकुसमा थिए । देशमा लूटतन्त्र र नातावादको विरूद्ध बाध्य भएर अभिभावकहरूले गरिरहेको बिरोधभन्दा कडा विद्रोहमा जेनजी पुस्ता सडकमा उत्रियो । सत्तामा रहेको एमाले र कांग्रेस, प्रतिपक्षीमा रहेका माओवादी र अन्य साना दलहरूले जेनजी पुस्ताको विद्रोहको आँधीलाई थाम्न सकेनन् । सबै भागाभाग भयो । आजको परिवर्तन, नयाँ पुस्ताले सम्हालेको शासन जेनजी पुस्ताको विद्रोहबाट आएको हो । यो शासनलाई असफल हुने छुट छैन । तर पुराना दलहरू, नेताहरू नयाँ पुस्ताको शासनलाई राष्ट्रघाती सावित गर्न कम्मरकसेर लागेका छन् । यथार्थ के छ भने आज पनि पुराना दलहरू खुला रूपमा जनसमक्षा जान सकेका छैनन् ।

धेरै बिपत्ति मच्चायो, लोकतान्त्रिक गणतन्त्र नामको शासन सत्ताले । चितवनको ध्रुवे हात्तीभन्दा छाडा देखियो । मंगलसेनको मदमत्त घोडा बनेर धेरै कुद्यो । यो छाडा घोडा, हात्तीलाई नियन्त्रण जनताले नै गर्नुपर्थ्यो । गत फागुन २१ को चुनावमा जनताले यिनलाई साइजमा ल्याइदिए, किनारा लगाइदिए ।

अब देश झिंझाको डाकाले जसरी चल्दैन । विधिले चल्छ, विधि बसाल्नुपर्छ । सेटिङले चल्दैन, योग्यताले चल्नुपर्छ । भ्रष्टाचार रोकिनुपर्छ, हत्यारा, भ्रष्टहरूले कानुनको छिद्रबाट छुट् पाउनु हुन्न । नयाँ नेपाल बनाउनेहरू सत्तामा पुगेका छन्, तिनले निर्माण गर्नुपर्छ । भाग शान्ति लोकतन्त्र भन्ने मान्यता तोडिनुपर्छ । लोकतन्त्र लोक जीवनमा अनुवाद नै हुनुपर्छ । राजनीतिक 'बाहुबलीपन'मा मग्न हुनेप्रथा खारेज हुनुपर्छ र यो महामारीलाई नियन्त्रण गर्नैपर्छ । लोकतन्त्र नेताहरूको कमाउने र सर्वसत्ताबाद चलाउने आवरण हुनसक्दैन । निकृष्ठ राजनीतिलाई समाज बदल्ने उत्कृष्ठ पद्धति बनाउनुपर्छ । समाजमा बहुदल र गणतन्त्रले थामिनसक्नुको फोहरको बोझ राष्ट्र र जनतामाथि थोपेरेका छन् । यसलाई सफा गर्न युवा पुस्ता र नयाँ पुस्ताको सरकारले कम्मर कसेको छ, परिणाम दिन सक्नुपर्छ ।

# पुराना बढारिए, नयाँले केही गर्लान् कि ?




२०४६ देखि २०८२ सालसम्म सत्ता, ससद, शक्तिमा हालीमुहाली गरेका पुरानाहरू बढारिएकै हुन् । तिनीहरू अब उत्पात मच्चाउँछु भनेर लागेका छन् ।

खासगरी कम्युनिष्टहरू एक हुने तरखरमा छन् । जनयुद्धका नायक प्रचण्डले जेनजी एक भएर एकै दिनमा चटक जसरी सत्ता परिवर्तन गर्न सक्छन् भने हामी किन नसक्ने भन्दै रास्वपा र बालेन्द्र सरकारलाई एक भएर बिद्रोह गर्ने र यिनलाई ढाल्ने सार्वजनिक अभिव्यक्ति दिन थालेका छन् । यो सम्भव छ त ?

बहस चलेको छ । किनारा लागेका कम्युनिष्टहरू मिल्लान्, मिल्न सक्छन् । कांग्रेस दुई चिरा हुने मार्गमा छ । कांग्रेसले बाटो बिराएको छ । वीपीको सिद्धान्तमा अड्ने र नयाँ पुस्ताको बल मिचाइमा कांग्रेस यतिबेला कुहिराको काग जस्तो बनेको छ । न ओल्लो तीर, न पल्लो किनारको अन्यौलबाट कांग्रेस कसरी बौरिन्छ, त्यो चासोको विषय हो ।

जेनजी बिद्रोहपछि उदाएको रास्वपा र बालेन्द्र सरकारलाई कसैले हल्लाउने छ भने त्यो आन्तरिक झगडा, टुटफूटले हो । बाहिर जसरी रास्वपाभित्रको टुटफुट देखाइएको छ, त्यो नहुनपनि सक्छ । किनकि बालेन्द्र अहिलेसम्म भ्रष्टाचारमा गनाएका छैनन् । भ्रष्टाचारविरूद्ध उभिदा पार्टीका केहीलाई फरक पर्नसक्छ । तर रास्वपाले ऐतिहासिक दायित्व, अभिभारा बुझेकाले यो फुटिहाल्ने देखिदैन । रास्वपालाई नटुक्र्याई पुराना वा नयाँले कुनै बिद्रोह गर्ने वा सत्तानै पल्टाइदिने सम्भाबना साह्रै न्यून छ ।

हो, संसद र सडकमा सरकारको तीव्र बिरोध गर्न सकिन्छ । त्यो भइ पनि राखेको छ । कम्युनिष्टले उचालेका श्रम संस्कृति पार्टीले बालेन्द्रको खेदो खनेका छन्, त्यसमा कांग्रेस र एमालेले मलजल गरेको पनि देखिन्छ । तर बालेन्द्र सरकार नबोली नबोली, आफ्ना कुरा अन्य मन्त्रीबाट बोलाएर आफू काम गरिरहेका छन् । भूमिहीन, सुकुम्वासी, मिटरब्याज पीडित, सहकारी पीडित, नागरिकताका मामिला सबै बिस्तारै सल्टिन थालेका छन् । जनताले राहत पाउनै पर्नेछ, सुशासन कायम हुनैछ, भ्रष्टाचारीमाथि कानुनी दण्ड चलाउनै छ । यसमा विषयमा जतिसुकै नौटंकी वा बिरोध गरे पनि प्रम्रको सकृयता रोकिने देखिन्न । यही कारण पुराना दलहरू दण्डित हुनबाट बच्नका लागि हारगुहार गरिरहेका छन् ।

जेनजीको रगतको मूल्यमा चुनाव जितेर सरकार बनाएको रास्वपा र बालेन्द्र साहको काँधमा जेनको इज्जत छ । जेनजीको रगतको अपमान गरेको भनेर प्रतिपक्षी दलहरूले सडक, संसद र सामाजिक सञ्जालमा झ्याली पिटिरहेका छन् । प्रम बालेन साह चुपचाप काम गरिरहेका छन्, रास्वपाका सभापतिले साथ दिइरहेका छन् । रास्वपाले जनतासँग गरेको बाचा र प्रतिवद्धताअनुसार काम गर्न नसक्ने हो कि भन्ने संशयलाई बिरोधको भाष्य बनाइएको छ । जसको उत्तर रास्वपा र बालेन साहले छिटो छरितो रूपमा काम

पुराना र नयाँ जसको संख्या, शक्ति साह्रै न्यून छ, ती प्रतिपक्षीहरू प्रश्न गरिरहेका छन्- यही हो जेनजीको ज्यान गएपछि आएको शासन ? यही हो, जेनजीको रगत बगेर आएको शासन ? यिनै प्रश्नबाट जनतालाई रास्वपाप्रति बितृष्णा उत्पन्न गराउन खोजिरहेका छन् । आमनागरिक रास्वपा र बालेन साहले जनतासँग गरेको करार बिर्सदैनन् भन्ने विश्वासको धागोमा बाँधिएकै छन् ।

संसद र सडकमा प्रतिपक्षीहरू बिबादै बिबाद झिकिरहेका छन् । पुराना पार्टीहरूले नयाँलाई सिकाउने, सघाउने, सही मार्ग देखाउने काम गरेनन्, गरून् पनि कसरी ? जसले झण्डै ४ दशक शासनसत्ता हाँके, तिनले नीति, नैतिकता, सिद्धान्त सबै स्वार्थको आगोमा चरू होमेझैं होमे । नयाँ पुस्ता शासनमा छ, उसलाई राजनीतिक जालझेलको अनुभव छैन, नियतमा शंका पनि छैन तर बुढापुराना राजनीतिक नेताहरू नयाँलाई खुइल्याउन कम्मर कसेर लागेका छन् । नयाँ पुस्ताको जिम्मेवारी रवि र बालेनले लिएका छन् ।

बालेन्द्र सरकार पनि नाताबादमा लाग्यो भन्ने झ्याइँ झ्याइँ पारिरहेका छन् विपक्षीहरू । विपक्षी भन्छन्- प्रतिसोध साध्ने काममात्र गरेका छन् । यही भाष्यलाई न्यायालय र प्रशासक, पुरानाले भर्ना गरेका संवैधानिक निकायका पदाधिकारी र राष्ट्र चुसेर जुकाझैं ढाडिएकाहरू रास्वपालाई असफल पार्न र प्रम बालेन साहलाई निकम्मा सावित गर्न न्वारानदेखिको बल लगाइरहेका छन् । तर बालेन मर्न तैयार छु, आँटेको सुशासन र भ्रष्टाचारमुक्त शासन प्रशासन गराएरै छाड्छु भनिरहेका छन् ।

पर्याप्त बहुमत छ, यसकारण रास्वपा जब्बर छ । प्रम बालेन साहलाई कुनै विपक्षीले हल्लाउन पनि सक्दैन । यसकारण त, विपक्षीहरू प्रम बालेन साहलाई राष्ट्रघातीको स्याल हुइया चलाइरहेका छन् । रास्वपा सभापति रवि लामिछानेलाई सहकारी ठग भनेर हल्लाखल्ला गरिरहेका छन् । रास्वपाभित्र अमिलो निचोरेर रास्वपाको एकता फटाउने प्रयत्न भइरहेको छ । मन्त्री फेरिएलान्, रास्वपा टुक्रने कुरा विपक्षीको सपनामात्र हुनसक्छ ।

हो, नयाँ छन्, अनुभवको कमीले कमजोरी बालेन सरकारले गरेको छ । हिम्मत जतिसुकै प्रशंसायोग्य भए पनि बालेन सरकारले दलाई लामाले दिएको शुभकामनालाई महत्व दिनु हुन्थेन । दलाई लामाको जन्मोत्सव मनाउन अनुमति दिंदा फ्रि तिब्बतवालाहरू सलबलाउन पुगे । जसले चीनको मनमा चिसो पस्यो, नेपालको एकचीन नीति देखावटी हो कि भन्ने शंका पनि उठायो । भारत सरकारले प्रम बालेन साहको विदेश भ्रमण नगर्ने अडानलाई अहंकार सम्झ्यो । सीमाबारेमा बेलायतलाई मध्यस्थता गराउने खोजेकोमा आक्रोसित बन्यो र भारतका गोदी मिडियामार्फत बालेन साह र रास्वपाविरूद्ध वातावरण तैयार गराउने प्रयत्नलाई जोडबल लगाएको देखिन्छ ।

महात्मा गान्धी भन्थे- शासन र सहरको भव्यता गरीबको रगतले किनिएको हुन्छ । हिजोका सत्ताधारी हुन् कि आजका, तिनले भोग गरेका सुखसुविधा, सानसौकत गरीबकै रगतले किनिएको हुन्छ । यिनका नाममा रहेका महल, गाडी, बैंक ब्यालेन्स, सम्भ्रान्त जीवनशैली पनि गरीवले तिरेको कर हो । शासक प्रशासकले लगाएको फेसन र मिठ्याएको जिब्रोको स्वाद गरीव निचारेकै झोल हो । शेक्सपियरको एउटा भनाई प्रख्यात छ- पापले साहसी बनाउँदैन । यी जो छन्, उही कुडाकरकट छन्, जो नयाँ केही गर्न सक्दैनन्, यी सबै कायर हुन् । अर्थात् आफूमाथि जनताले गरेको कारवाहीलाई विषयान्तर गराउँदै जेनजी बिद्रोहबाट आएको बालेन सरकार र रास्वपाको जितलाई प्रतिषोधको लेपन लगाउन थालेको छ ।

अनुभव नभएकाले बालेन पुस्तामा गति सुस्त छ । एक्सप्रेस भने पनि लोकल गाडी जस्तो छ । शीतलमा बस्नका लागि सहमतिको रूख त रोप्नैपर्छ तव न भञ्ज्याङ्मा चौतारी हुन्छ । नदीनाला बेचेर, चुरेदेखि समतलमा सिमेन्टका महल ठड्याएर अथवा गाई मारेर डेरीको उत्पादनलाई कृषि विकास भन्नेहरू नैतिकता र नीतिमा समेत चिप्लिएका छन् । जो नीति र सोचमा चिप्लिन्छन्, तिनीहरूको जीवन नै काई लागेको ढुङ्गा र लाई लागेको काउली हो । एउटा दुर्घटना हो, अर्को महारोग । नेपालका सन्दर्भमा दुर्घटना र महारोग दुबै ज्यानको जोखिम हो । नयाँ पुस्ता जोखिम नहुन्, दुर्घटनाबाट देश र जनतालाई बचाउन्, आमनागरिकको आशा र विश्वास यही हो ।

जापानजस्ता मुलुकमा अणुवमले बिनास गराएको स्थितिलाई नयाँ पुस्ताले स्वर्गजस्तो बनाएको हो । अत्याचारले बिनासलीला देखिएको इजरायल अन्ततः हरियाली बन्यो । इजरायलका बैज्ञानिक प्रा. दनियल शक्चमन नेपाल आएर फर्कदा स्वर्गजस्तो नेपाल सम्पन्न मुलुक हो तर नेताहरूमा इमान र नैतिकता रहेनछ भनेर थक्क थक्क मान्दै फर्किएको धेरै भएको छैन । नभन्दै इमान नभएकाहरूलाई जनताले किनारा लगाइदिएका छन् । नयाँ पुस्ताको काँधमा नेपाल निर्माणको जिम्मेवारी सुम्पेका छन् । नयाँहरू हरतरहका षडयन्त्रबाट सावधान भएर एकढिक्का भएर द्रुततर गतिमा निर्माणमा, सुधारमा लागे भने आज जुन प्रकारको असफलताको बाढी देखाइएको छ, अमानवीयताको हिलो छ्यापिएको छ, नयाँ पुस्ताले धेरै नयाँ गर्नसक्छ । हरेक भ्रमको जालोलाई चिर्न सक्छ । यही विश्वासमा बालेन्द्र सरकार अघि बढेको देखिन्छ ।

नयाँ पुस्ताको काँधमा जिम्मेवारी छ भन्ने विषय आजका पुस्तामा घुसेको छ, निर्णय र कार्यान्वयनमा देखिएको ढिलासुस्ती र विपक्षीको धरापलाई चिनेर अघि बढ्न जरूरी छ । भारतका पहिलो प्रधानमन्त्री नेहरू, राष्ट्रपति डाक्टर राजेन्द्र प्रसादले पदको दुरूपयोग गरेनन्, सरलता र सहजता छाडेनन्, सधैं बिधिमा चले । गान्धी चर्खामै बाँचे र भारतका बापु बनेर अमर छन् । त्यस्ता हुन्छन् राजनेता । झल्को बालेन साहले दिएका छन्, उनी आफै प्रमाणित हुन जरूरी छ । सबैमा अहिले पनि विश्वास छ, बालेनले केही गर्छन् । बालेन्द्रले केही गर्ने आशा जगाएकै देखिन्छ ।

पढौं इतिहास, प्राचीन मगध साम्राज्य जसरी भययुक्त र हाहाकारमय थियो, हाम्रो देश त्यस्तै भय र हाहाकारयुक्त चित्कार भोगिरहेको छ । जनताका प्रतिनिधिहरू मगधका राजा महानन्दजस्ता बिलासी, अनाचारी, दुराचारी, अत्याचारी, सुरा-सुन्दरी, सम्पत्ति र सत्तामा लिप्त छन् । जनता बाँच्ने आधारको हाहाकार भोगिरहेछन् । जनयुद्ध र जनआन्दोलनपछिको संघीय गणतन्त्रात्मक व्यवस्था अर्थात बसन्त परिवर्तन भनिएको व्यवस्थाले चाणक्य होइन, भुस्याह कुकुरले झैं एकै बेतमा धेरै छाउरा पाएजसरी बग्रेल्ती चण्डालहरू पो जन्मायो । जुन मुलुकमा भ्रमको राजनीति हुन्छ र राजनीति ब्वाँसो र स्यालनीतिमा चल्छ, त्यो देशमा न्याय महँगो हुन्छ, नागरिक जीवन मूल्यहीन हुनेगर्छ । नयाँ पुस्ता विचार गर ।

बुढापुस्ताले राजनीति भनेको वेल्थ, वाइन र सत्ता बनाएकै हो । यो स्थितिलाई परिवर्तन गरेर जनताको जनजिविका र राष्ट्रको अस्तित्व सावित गर्ने जिम्मेवारी जेनजीको रगतमा उभिएको बालेन सरकारको हो । मदन भण्डारीका जबज एमालेले थेग्न सकेन । जनयुद्धको बिरासत छाडेर माओवादी नेकपा बन्यो । वीपीको बिरासत कांग्रेसले सम्हाल्न सकेन । संवाद, सहमति र सहकार्यका साथ बालेन सरकार अग्रसर हुने हो भने रास्वपाले देशको कायाकल्प गर्न सक्छन् । गरेर देखाउन् । जनताको मन बिथोलियो भने अहिलेको जनादेश परिवर्तन हुन बेर लाग्दैन । राजनीति भनेकै यही हो ।


प्रष्ट छ, गरिबी, भोकमरी, शोषण, आर्थिक समानता, यौन शोषण, जातिपाति, रङ्भेदजस्ता बिकृतिको अन्त्यका लागि लडिरहेका पारग्वेका लुगो, बोलिभियाका इभो, ब्राजिलका लुला सिल्भा, भेनेज्वेलाका ह्यूगो चाभेज, अष्ट्रियाका जुलियस ब्राउथल, नर्वेका ब्राट्वे, बेलायतका अलबर्ट कार्थी, स्वीडेनका बर्नट् कार्लसन, फिनलेण्डका पेन्टी, चिलीका लुइस आलाजस्ता नेताको अनुकरण बालेनले गर्नुपर्छ । जनताले राष्ट्रवादी, स्वच्छ शासक खोजेकै हो, दिएकै हो ।

यो अग्नि परीक्षाबाट रास्वपा र बालेन्द्र साह पास हुनैपर्ने बाध्यता छ ।



# खाद्य ठगी र मिसमास





डा. केदार कार्की,
वरिष्ठ पशु चिकित्सक

आजकल खाद्य ठगी सामान्य छ, विशेष गरी चाडपर्वहरूमा। लागत घटाउन वा नाफा बढाउन, बेइमान खाद्य उत्पादकहरू र संदिग्ध विक्रेताहरू प्रायः सामग्रीहरूसँग छेडछाड गर्छन् ।

बजारमा खाद्य ठगी र मिसावट सोचेभन्दा बढी व्यापक छ, विशेष गरी चाडपर्वहरूमा। खाद्य मिसावटमा आर्थिक लाभ वा बेइमानीको लागि जानाजानी अस्वस्थ, खतरनाक, वा कम गुणस्तरका सामग्रीहरू थप्नु समावेश छ। यी यौगिकहरू, जसलाई मिसावटकर्ता पनि भनिन्छ, प्रायः मूल सामग्रीहरू भन्दा कम महँगो हुन्छन्, जसले बेइमान उत्पादकहरू वा बजारकर्ताहरूलाई उपभोक्ता स्वास्थ्य र सुरक्षाको जोखिममा नाफा अधिकतम गर्न सक्षम बनाउँछ। खाद्य मिसावटले खाद्य पदार्थको गुणस्तर, पोषण मूल्य, स्वाद र सुरक्षामा सम्झौता गर्दछ ।

खाद्य पदार्थमा मिसावट गर्ने सामान्य रूपहरू समावेश छन्:

पातलो पार्ने: दूध, फलफूलको रस, वा मह जस्ता उत्पादनहरूमा पानी थपेर तिनीहरूको मात्रा र तौल बढाउने, जसले गर्दा प्रति-इकाई मूल्य घट्छ । कृत्रिम रंग र स्वाद: प्रतिस्थापन: महँगो सामग्रीहरूको लागि कम महँगो सामग्रीहरू प्रतिस्थापन गर्ने। उदाहरणका लागि, कम महँगो तेलहरूको लागि उच्च गुणस्तरको जैतुनको तेल प्रतिस्थापन गर्ने वा कम महँगोको लागि शुद्ध मसलाहरू प्रयोग गर्ने । मसलाको मिसावट: मसलाहरूलाई भारी र चम्किलो बनाउनको लागि काठको धुलो, इँटाको धुलो, वा चक जस्ता थप सामग्रीहरू थप्ने । असुरक्षित पदार्थहरूसँग दूषित हुने: खाद्य उत्पादनहरूमा खतरनाक रसायनहरू वा अन्य अशुद्धताहरू थप्ने जुन सेवन गर्दा स्वास्थ्यमा नकारात्मक प्रभाव पर्छ । बिग्रिएका सामग्रीहरूको प्रयोग: पाक उत्पादनहरू उत्पादन गर्न बिग्रिएका वा सडेका सामग्रीहरू प्रयोग गर्ने ।

गलत लेबलिङ र गलत ब्रान्डिङ: गलत ब्रान्डिङ र गलत लेबलिङमा लेबल वा प्याकेजमा खाद्य उत्पादनको संरचना वा उत्पत्ति बिन्दुलाई गलत रूपमा प्रस्तुत गर्ने समावेश छ । संरक्षक र योजक पदार्थ: नाश हुने वस्तुहरूको शेल्फ लाइफ बढाउनको लागि अत्यधिक मात्रामा योजक वा सिंथेटिक रसायनहरू थपिन्छन् ।

मिसावटयुक्त खाना सेवन गर्दा हुने स्वास्थ्य जोखिमहरू: खाद्य मिसावटले व्यक्तिको स्वास्थ्यमा हानिकारक प्रभाव पार्न सक्छ । नाफा बढाउने प्रयासमा खाद्य उत्पादनहरूमा नियमित रूपमा मिसावट गरिन्छ, तर तिनीहरू उपभोक्ताको स्वास्थ्यको लागि खतरनाक हुन सक्छन् । दूषित खाना सेवनसँग सम्बन्धित केही स्वास्थ्य जोखिमहरू निम्न छन्:

खाद्यजन्य रोगहरू: मिसावट प्रक्रियाको क्रममा, कीटाणु, ब्याक्टेरिया र भाइरसहरूले खाद्य उत्पादनहरूलाई संक्रमित गर्न सक्छन् । दूषित खाना सेवन गर्दा साल्मोनेला, ई. कोलाई संक्रमण, र ग्यास्ट्रोएन्टेराइटिस जस्ता खाद्यजन्य संक्रमण हुन सक्छ । बारम्बार लक्षणहरूमा ज्वरो, वाकवाकी, बान्ता, पखाला समावेश छन् ।

एलर्जी प्रतिक्रियाहरू: केही मिसावट गर्नेहरू, विशेष गरी लुकेका एलर्जीहरूले संवेदनशील व्यक्तिहरूमा गम्भीर एलर्जी प्रतिक्रियाहरू निम्त्याउन सक्छन् । उदाहरणका लागि, बदाम वा दुग्धजन्य पदार्थसँग एलर्जी भएका व्यक्तिहरूले यदि यी सामग्रीहरू खाद्य उत्पादनमा छन् भने एनाफिलेक्सिस अनुभव गर्न सक्छन् ।

विषाक्त रसायनहरूको सम्पर्क: मिसावट गर्नेहरूमा कीटनाशक, भारी धातुहरू, वा कृत्रिम रंगहरू सहित विषाक्त पदार्थहरू हुन सक्छन् । स्नायु रोगहरू, अंग क्षति, र क्यान्सर जस्ता दीर्घकालीन स्वास्थ्य समस्याहरू, दूषित खानाहरू मार्फत यी विषाक्त पदार्थहरूको लामो समयसम्म सम्पर्कबाट उत्पन्न हुन सक्छन् ।

कम पोषण मूल्य: जब खाद्य उत्पादनहरू पानी वा कम गुणस्तरका सामग्रीहरूले पातलो पारिन्छन्, तिनीहरूको पोषण मूल्य उल्लेखनीय रूपमा कम हुन सक्छ । यी दूषित खाना खाँदा बालबालिका र वृद्धहरूमा पोषक तत्वको कमी हुन्छ ।

ग्यास्ट्रोइंटेस्टाइनल समस्याहरू: मिसावट गरिएको खानाले पाचन प्रणालीलाई जलन दिन सक्छ र ग्यास्ट्रोइंटेस्टाइनल समस्याहरू निम्त्याउन सक्छ, विशेष गरी यदि तिनीहरूमा अत्यधिक संरक्षक वा additives समावेश छन् । पेट फुल्ने, ग्यास, अपच र पखाला सम्भावित लक्षणहरू हुन् ।

कमजोर जनसंख्याको लागि जोखिम: दूषित खाना खानेसँग सम्बन्धित स्वास्थ्य जोखिमहरू विशेष गरी शिशुहरू, साना बच्चाहरू, गर्भवती महिलाहरू, वृद्धहरू र कमजोर प्रतिरक्षा प्रणाली भएकाहरूका लागि उच्च हुन्छन् । विषाक्त पदार्थ र प्रदूषकहरूबाट तिनीहरूको प्रतिरक्षा प्रणाली कम प्रभावकारी हुन सक्छ ।

दीर्घकालीन स्वास्थ्य प्रभावहरू: लामो समयसम्म दूषित खानाहरू सेवन गर्नाले मोटोपना, हृदय रोग, मधुमेह र ग्यास्ट्रोइंटेस्टाइनल रोगहरू जस्ता दीर्घकालीन स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ, मनोवैज्ञानिक तनाव: दूषित खानाले गम्भीर मनोवैज्ञानिक समस्या निम्त्याउन सक्छ, जसको परिणामस्वरूप चिन्ता, डर र खाना प्राप्त गर्ने क्षमतामा कमी हुन्छ ।

खाद्य पदार्थमा मिसावट पत्ता लगाउने: लेबलहरू जाँच गर्नुहोस्: सामग्रीहरू, उत्पादन मितिहरू, र पोषण सम्बन्धी जानकारीको बारेमा जान्नको लागि सधैं उत्पादन लेबलहरू र प्याकेजिङहरू पढ्नुहोस् । वास्तविक उत्पादनमा सही लेबलिङ हुनुपर्छ ।

भरपर्दो स्रोतहरूबाट किनमेल: विश्वसनीय र राम्रोसँग स्थापित उत्पादकहरू वा विक्रेताहरूबाट खाना किन्नुहोस् ।

गुणस्तर आश्वासन: खाद्य वस्तुहरूको उपस्थिति, स्वाद र सुगन्ध अवलोकन गर्नुहोस् । असामान्य स्वाद, रंग, वा गन्ध मिसावटको संकेत हुन सक्छ ।

परीक्षण किटहरू: घरमा खानामा मिसावट जाँच गर्न दूध मिसावट परीक्षण किटहरू जस्ता केही आधारभूत परीक्षण किटहरू उपलब्ध छन् । यसले द्रुत परिणामहरू प्रदान गर्न सक्छ ।

उत्पादन शंकास्पदता रिपोर्टिङ: उपयुक्त अधिकारीहरू वा उपभोक्ता संरक्षण संस्थाहरूलाई शंकास्पद मिसावट रिपोर्ट गर्नुहोस्। तपाईंको कार्यहरूले अरूलाई दूषित खाना खानबाट रोक्न सक्छ। खाद्य पदार्थमा मिसावटबारे द्रुत परीक्षणहरू:

१. दूध र दुग्धजन्य पदार्थ: दुग्धजन्य पदार्थमा शंकास्पद मिसावट भएको पत्ता लगाउन तपाईंले केही द्रुत परीक्षणहरू गर्न सक्नुहुन्छ: पानी परीक्षण, ल्याक्टोमिटरको साथ परीक्षण, दूध उमाल्ने परीक्षण, आयोडिन परीक्षण, स्वाद र सुगन्ध, तेल र बोसो, तातो तेल परीक्षण, मिठाई र कन्फेक्शनरी, स्टार्च परीक्षण, बदाम र सुकेको फलफूल, फ्लोट परीक्षण, लेबलिङ र प्याकेजिङ सबै महत्वपूर्ण सजगतामा पर्दछन् ।




नेपालको संविधान २०७२ ले नेपाली नागरिकलाई आधारभूत स्वास्थ सेवा निशुल्क उपलब्ध गराउने गरि संविधानको भाग ६ र धारा ३५ मा स्वास्थ सम्बन्धि चारवटा हक उल्लेख गरिएको छ ।

१. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । २. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । ३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । ४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

अब विचार गरौं संबिधानमा लागु भएको पनि एक दशक भैसक्यो स्वास्थ्य सेवा प्रदायक निकायहरूले यी नागरिक मौलिकहरू पूरा गरेका छन् त ? स्वास्थ सेवा जस्तो मानिसको जीवनसंग संवेदनशिल विषयलाई सेवाको भावले भन्दा व्यवसायिक हिसाबले बढी महत्त्व दिएको देखिन्छ । वर्षौंदेखि नेपालमा आएको राजनीतिक परिवर्तन आन्दोलन, सरकारका नीति, निर्देशन धेरै किसिमका स्वास्थ सेवा सम्बन्धि कार्यक्रम संचालनमै रहेका छन् ती मध्ये स्वास्थ बीमा कार्यक्रम पनि चर्चित कार्यक्रम हो ।

वि.सं. २०७२ साल देखि सुरू भएको यो कार्यक्रम हाल आएर स्वास्थ क्षेत्रमा व्यापक समस्यै समस्यामा गुर्जिरहेको छ । यो काप को संचालनमा संलग्न सवै सेवा प्रदायक, सेवा ग्राही, आफ्ना आफ्ना विकृति समस्या नक्कली बिल, नक्कली बिमित, नक्कली औषधि लगायतका समस्याहरूले गर्दा यो कार्यक्रममा व्यापक सुधार आवश्यक परेको देखिन्छ । बीमा ऐन अनुसार यो कार्यक्रमको उद्धेश्य स्पष्ट उल्लेख गरिएको छ । स्वास्थ्य सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरू वर्षौ देखि संचालन हुदै आईरहेका छन् । कुनै पनि मानिस अस्वस्थ भएर बाच्नु परेको खण्डमा उसको जिवन, परिवार, समुदाय र देशलाई समेत ठुलो भार परेको हुन्छ । स्वास्थ्य संबधि धेरै कार्यक्रम हुदा हुदै पनि अझै पनि नेपालमा स्वास्थ्य सुविधा पाउनको लागी मानिसहरूलाई भने र चाहेजाती सुविधाहरू अवश्यक पर्दा पाउन सकिरहेका छैनन् । हुनत स्वास्थ्य सेवामा सरकारी, गैर सरकारी, निजी, अन्तराष्ट्रिय स्तरका सामाजिक र सेवा मुलक कार्यक्रमहरू पनि संचालन भईरहेका छन् । स्वास्थ्य सेवामा Preventive र Cureative अर्थात प्रतिकारात्मक र उपचारात्मक गरि दुई किसिमका सेवाहरू संचालन भई रहेका छन् । दुवै स्वास्थ्य सेवाहरूको उद्देश्य एउटै छ । जसरी भए पनि मानिसहरूलाई स्वस्थ राख्ने यी दुवै सेवाहरूवाट स्वास्थ्य क्षेत्रमा देखिएका समस्या हरूलाई घटाउने र उचित किसिमको समाधान खोज्ने हो । प्राथमिक स्वास्थ्य सेवा Primary Helath Care, अत्याधावश्यक स्वास्थ सेवा Essential Health Care र सहस्राव्दि विकासका उदेश्य Millennium Development Goals हरू हासिल गर्नको लागी पनि स्वास्थ्य क्षेत्रमा धेरै किसिमका स्वास्थ्य कार्यक्रमहरू संचालन भै रहेकाछन् । तुलनात्मक हिसाव हुदा उपचारात्मक सेवामा भन्दा प्रतिकारात्मक सेवामा बढी विकास र प्रगती भएको छ । नेपालको भौगोलिकबनावट, अशिक्षा, अन्धविश्वास सम्बन्धित विषयमा जानकारी नहुने, स्वास्थ्य सेवा संवन्धि जनशक्तिको कमी स्वास्थ्य उपकरणहरू, आवश्यक औषधीको पहुँच सबै स्थानमा हुन नसक्नु, आर्थीक अवस्थाको कमजोर स्थिती र मनीसहरू वढी बसाई सराईले गर्दा पनि नेपाली जनताले अत्याधावश्यक स्वास्थ्य सेवा पाउन सकेका छैनन् । यिनै कारणहरूले गर्दा सम्पुर्ण नेपालीहरूलाई सुलभ तरिकावाट स्वास्थ सेवा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहने गरि स्वास्थ्य बिमा कार्यक्रम सन् २०१३ देखी संचालन गर्दै आएको छ । नेपालको २०७२ संविधान को धारा ३५ मा आधारभूत स्वास्थ्य सेवालाई (ज) १५ मा राज्यका नीति निर्देशक सिद्धान्त अर्न्तगत नागरिकको स्वास्थ्य बिमा नागरिकको मौलिक हकका रूपमा स्थापित गरिएको छ । संविधानको धारा ५१ आएको छ । यसै अनुरूप नेपाल सरकारले नागरिकका स्वास्थ्य उपचारमा सहज पहुँच पुर्याउने उद्देश्य अनुसार राष्ट्रिय बिमा नीति २०१२ र सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति (गठन आदेश) २०७१ बमोजिम आर्थिक वर्ष २०७२/७३ बाट सुरूमा कैलाली, बाग्लुङ्ग र ईलाम जिल्ला लगायत प्राय सबै जिल्लाहरूमा सेवा विस्तारको पूर्व तयारीहरू भईसकेका छन् । देशका बाँकी २९ जिल्लाहरूमा क्रमश: विस्तार गर्दै लैजाने सरकारको नीति रहेको छ ।

हाल स्वास्थ्य बीमा ऐन, २०७४ संसदबाट पारित भई लागु भई सकेको छ । जसले गर्दा स्वास्थ्य बिमा कार्यक्रम सुदृढ ढंगले कार्यान्वयन गर्न थप कानुनी आधार प्राप्त भएको छ। यसै गरि स्वास्थ्य विमा नियमावली, २०७५ जारी भई कार्यन्वयनको रहेको चरणमा रहेको छ । स्वास्थ्य विमा कार्यक्रम परिवारमा आधारित एक वृहत साझेदारी कार्यक्रम हो । जसमा आवद्ध हुने परिवारले तोकेको रकम पूर्व भुक्तानी गर्नु पर्दछ । सेवा क्रियाशिल भएपछि परिवारले वार्षिक रूपमा स्वास्थ्य उपचारको जोखिम व्यवस्थापन गर्न सक्दछन् । यो कार्यक्रमले व्यक्ति तथा परिवारलाई विरामी पर्दा उपचारमा हुने खर्चको जोहो त हुन्छ नै, सँगसँगै सामाजिक उत्तरदायित्व पनि पुरा भएको हुन्छ । स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन भुक्तानी गरेको योगदान रकमले देशका नागरिक नागरिक बीच सहयोग भई रहेको हुन्छ ।

स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्नको लागि निम्न लिखित उद्देश्य र रणनीतिहरू समावेश गरिएका छन् । राष्ट्रिय स्वास्थ्य बिमा नीति २०७१ ले नेपालीको समग्र स्वास्थ्य स्थितिमा सुधारगर्ने दीर्घकालीन लक्ष्य लिएको छ ।

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको छ । स्वास्थ्य सेवाको लागि पूर्व भुक्तानी प्राप्त गरि जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्व साधारणका लागी थप वित्तिय संरक्षण प्रदान गर्ने र स्वास्थ्य सेवा प्रवाहको क्रममा सेवाको गुणस्तरियता, प्रभावकारिता, दक्षता र जवाफ देहितामा सुधार ल्याउनुनै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यी उद्देश्यहरूको अलावा स्वास्थ्य बिमा कार्यक्रम संचालनका लागी रणनीतिहरू पनि अवलम्बन गरिएका छन् । जस्तै:

१. स्वास्थ्य सेवाका क्षेत्रमा पूर्व भुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागी थप वित्तिय संरक्षण प्रदान गर्ने । २. वित्तीय साधनको समतामूलक परिचालन गर्ने । ३. स्वास्थ्य सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफ देहितामा सुधार ल्याउने । हाल स्वास्थ्य क्षेत्रमा अन्य समस्या रहेको अलावा अझै पनि थि विद्यमान समस्याहरू देखिरिएका छन् । नेपालमा स्वास्थ्य सेवामा पहुँच बढाउने कार्यक्रम धेरै प्रगति भए पनि गरिव र सीमान्तकृत जनताको पहुँच पुर्याउनका लागी अझै चुनौती कायमै छन् । स्वास्थ्य सेवा उपलव्ध गराउन विभिन्न स्तरमा छुट्टिएका विद्यमान स्वास्थ्य संरक्षणका कार्यक्रमहरू अनुसार खर्चिलो किसिमका उपचार गराउनु पर्दा वित्तीय संरक्षणका कार्यक्रमहरू अनुसार वित्तीय संरक्षण प्रदान गर्न नसकेको अवस्था छ भने कतिपय अवस्थामा यस्तो खर्च चिकित्सकिए आवश्यकतामा आधारित छैनन् । विगतका राष्ट्रिय स्वास्थ्य लेखाको तथ्य हेर्दा स्वास्थ्य सेवाका लागी घरपरिवारले प्रत्यक्षरूपमा गरिने खर्चका कारण अधिकांश जनसमुदायको स्वास्थ्य सेवामा पहुँच कायम हुन सकेको छैन भने त्यस्तो खर्च धान्न नसकी गरिब हुँदै जाने जोखिम पनि उत्तिकै छ ।

स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन गर्न धेरै समय देखि ऐन नियमावली र नीतिहरू प्रष्ट नहुँदा नेपाल अधिराज्य भरि कार्यक्रमको उद्देश्य अनुसार सेवाको पहुँच पुर्याउन धेरै समस्या र बाधा हरू भै रहेको थियो हाल अब नेपाल सरकार बाट स्वास्थ्य विमा ऐन २०७४, स्वास्थ्य विमा नियमावलि २०७५ र स्वास्थ्य विमा निती २०७९ पारित भएको हुनाले अब कार्यक्रमहरू संघ देखि स्थानीय तहसम्म नै संचालन गर्न सहज भएको छ । यसै बोर्ड स्तरमा अध्यक्ष सहित नौजनाको स्वास्थ्य विमा बोर्डको व्यवस्था गरिएको छ । यसै बोर्ड मार्फत स्वास्थ्य विमा सम्बन्धि आवश्यक पर्ने आर्थिक, प्रशासनिकजनशक्ति, लगायतका सम्पूर्ण कार्यहरू बोर्डमार्फत गरिने छ । केन्द्रिय स्तरको बोर्डको अलावा सातै प्रदेशमा एक प्रदेश स्वास्थ्य विमा संयोजन समिति रहनेछ र समिति मार्फत आ-आफ्नो प्रदेशमा स्वास्थ्य विमा ऐन र नियमावालीमा उल्लेख भएका कार्यहरू गर्ने छन् ।

यसै गरि सातसय त्रिपन्न स्थानिय तहमा हरेक स्थानीय तहमा स्वास्थ्य विमा समिती रहनेछ । यो स्थानीय समितीले पनि आफ्नो आफ्ना स्थानिय तहमा विमा संचालन गर्ने छ । स्वास्थ्य विमा कार्यक्रममा आवद्धता हुने निम्न अनुसारको व्यवस्था गरिएको छ ।

कार्यक्रममा सहभागीताको लागी ५ जना सदस्य रहेको परिवारलाई एक परिवार ईकाई मानिने छ । यसरी एक परिवारले एक वर्षको लागी रू ३५००/- बुझाएमा वर्ष भरिको लागी रू एक लाख सम्मको औषधी उपचार पाउने छन् । एक वर्ष सम्म विरामी नभै खर्च नभएमा विमा गरिएको रकम रू ३५००/- फिर्ता हुनेछैन र एक परिवारमा ५ जना भन्दा बढि परिवार संख्या भएमा थप २० हजार रूपैयाँ थप्नु पर्नेछ । यसरी गरिएको विमाबाट बढिमा २ लाख सम्मको औषधि उपचारको सुविधा पाईनेछ ।

नेपालका ७५३ पालिकाका सबै वडाहरूमा एक जना दर्ता सहयोगीको व्यवस्था गरिएको छ । आ-आफ्नो वडामा दर्ता सहयोगीको माध्यमबाट प्रत्येक नेपालीले बिमा कार्यक्रममा समावेश भएको आधारभूत स्वास्थ्य सेवा लिनको लागी बिमामा आबद्ध हुनुपर्नेछ ।

स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका बिमितहरूले देहायका सुविधाहरू आफुले तोकेको स्वास्थ्य संस्थाबाट निम्न लिखित सेवा हरू पाउने छन् । योग, पोषण शिक्षा, बानी व्यहोरा सुधार, मनोसामाजिक परामर्श जस्ता प्रवर्द्धनात्मक सेवा । खोप, परिवारनियोजन, सुरक्षित मातृत्व जस्ता प्रतिकारात्मक सेवा ।

बहिरङ्ग, भर्ना, उपचार, सहायता उपकरणजस्ता सेवा । निदानात्मक वा पुर्नस्थापना सेवा ।

एम्बुलेन्स सेवा ।

तोकिए बमोजिमका अन्य सेवाहरू ।

यस बिमामा आबद्ध हुने परिवारको सदस्यमा कार्यक्रम क्रियाशिल अवधि भित्र कुनै नवजात शिशूको जन्म भएमा उक्त शिशूको लागी थप रकम बुझाउनु पर्ने छैन । वि.सं. २०७६ साल श्रावण १ गते देखि बिमामा उल्लेख भएका सेवाहरू बाहेक बिमितहरूले निम्न लिखित आठ रोगहरूको उपचारको लागी एक लाख सम्मको सुविधा पाउने छन् । ति रोगहरू यस प्रकार छन ।

क्यान्सर, मुटु रोग, मिर्गौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सोनिजम। अल्जाइमर

यसको अतिरिक्त स्वास्थ्य बीमा कार्यक्रमबाट ज्येष्ठ नागरिक, अशक्त र आर्थिक स्थिती कमजोर भएका हरूको लागी छुट्टै विशेष व्यवस्था छ ।

स्वास्थ्य बीमा कार्यक्रममा निम्न सेवाहरू समावेश गरिएका छैनन्-

क. वार्षिक रूपमा बोर्डले तोके भन्दा बढी मूल्यका चश्मा, श्रवण यन्त्र, सेतो छडी र बैशाखी,

ख. पोलिएको, गम्भीर अपाङ्गताको लागी गरिने उपचार, ओठ तालु काटिएकोमा गरिने सर्जरी बाहेकको प्लास्टिक तथा कस्मेटिक सर्जरी,

ग. दाँत उखेल्ने , दाँत वा गिँजाबाट पिप निकाल्ने (एक्सेस) र दाँत सम्बन्धी घाउचोटको प्राथमिक व्यवस्थापन बाहेकको दन्त उपचार ।

सम्पूर्ण ऐन नियम कानुन नीतिहरू भएता पनि नेपाल अधिराज्यका संघ १, प्रदेश ७, जिल्ला ७७, स्थानिय तह ७५३, हजारौं वडाहरू सरकारी स्वास्थ्य संस्थाहरू, नीजि संघ-संस्थाहरू समेतको प्रयासहरूबाट पनि आम नेपाली जनताहरूले आवश्यक परेको समयमा अत्यावश्यक लगायतका स्वास्थ्य सेवाहरू पाउन नसकेको ठुलो समस्या र चुनौतिको रूपमा अझै पनि विद्यमान रूपमा छ । यो समस्या र चुनौती हल गर्नको लागी स्वास्थ्य बिमा बोर्ड यो सेवा प्राप्त गर्न नसक्नुका मुख्य-मुख्य कारणहरू पत्ता लगाई स्वास्थ्य सँग सम्बन्धित विज्ञहरू योजनाकारहरू चिकित्सक र स्वास्थ्यकर्मीहरू सामाजिक संघ संस्थाहरू राष्ट्रिय अन्तराष्ट्रिय निकायहरू, राजनीतिक दलहरू र सरकारी र निजी क्षेत्रबाट संचालित सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य विमा कार्यक्रमहरूको बारेमा व्यापक जानकारी गराइ ७५३ स्थानीय तहरूमा बिमाकार्यक्रमहरू लागु गरेमा मात्र बिमामा उल्लेखित उद्धेश्यहरू पुरा भई आम नेपालीले सुलभ र सरल तरिकाबाट स्वास्थ्य सेवा पाउनेछन भन्ने आशा गर्न सकिन्छ । नेपाल सरकारले यो बिमा कार्यक्रम संचालनको आवश्यक व्यवस्था गरि कार्यक्रम संचालन गर्नको लागी अधिकार सम्पन्न स्वास्थ्य विमा बोर्ड गठन गरिएको छ ।

अब बिमा कार्यक्रमको उपलब्धि सम्बन्धमा मुल्यांकन गरि सम्पुर्ण सामाजिक सुरक्षा र बिमा कार्यक्रमलाई एकिकृत रूपमा संचालन गर्ने रणनीति बनाउनु पर्ने जरूरि भएको छ । अब के गर्दा यो कार्यक्रम सबल बनाउन सकिन्छ भने पहिलो चरणमा बिमित को हुने निश्चित गर्ने कार्यक्रम संचालनको आवश्यकता तोक्ने, प्रत्येक वर्ष कति जनालाई वीमाको सेवा उपलब्ध गराउन सकिन्छ निश्चित गर्ने, बजेटको थैलोको सुनिश्चितता गर्ने, बीमा बोर्ड खारेज गरि स्वास्थ मन्त्रालयको बीमा महाशाखा स्थापना गर्ने, वर्षभरि कार्यक्रम संचालन लागि आवश्यक अन्य कार्यक्रम जस्तै सबै स्रोत निश्चित गर्ने, प्रदेश र स्थानीय तहलाई जिम्मा लगाउने, तीनै तहका सरकारको दायित्व हुनेगरि कार्यक्रम संचालन गराउने, निजी स्वास्थ संस्थाहरूलाई पनि वीमा सम्बन्धि कार्यक्रममा संलग्न गराउने । सरकारले हचुवाको भरमा बीमा कार्यक्रम संचालन नगर्ने अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको ठोस निर्णय नगरेको देखिन्छ । यो बीमा कार्यक्रमको बारे यस्तायस्ता समस्या छन् । जुन सार्वजनिक रूपमा प्रस्तुत गर्न पनि असजिलो महसुस हुन्छ । अब यसलाई सुधार गर्नको लागि अन्य देशमा संचालित स्वास्थ्य बीमा कार्यक्रमको पनि जानकारी लिएर एउटा विज्ञहरूको समिति बनाएर सुझाव लिएर मात्र अघि बढ्नु उचित हुन्छ वा यो कार्यक्रमलै खारेज गरि संविधानमा उल्लेखित भए अनुसार स्वास्थ्य सेवामा सबैलाई निशुल्क गर्ने तर्फ सरकार प्रस्तुत हुनुपर्ने देखिन्छ । (९८१८८७९९४५)




The Heavenly Court in Jerusalem has announced a Zionist campaign—an Israelite Jihad—to stand against those seeking to harm the blessed nation of Zionist Israel. This declaration reaffirms the Israelites as the chosen people, proclaims the arrival of the Moshiach, and marks the beginning of the Temple's reconstruction.

Before diving into the news from the heavenly court in Jerusalem, it's worth noting that this opinion isn't meant to offend any religion or faith group.

That said, today's decision by the Beit Din of twenty-three judges from the Nascent Sanhedrin, convened near the Temple Mount, is both troubling and alarming.

If a similar ruling on Palestinians were issued by Sheikh Saleh Al-Humaid, Chief Imam at Masjid al-Haram, or Ahmed el-Tayeb, the Grand Imam of al-Azhar University, it would likely dominate global headlines and might spark tensions with Egypt and Saudi Arabia, potentially even leading to talk of assassination or regime change.

Sadly, Egypt and the so-called doom Kingdom of Saudi Arabia are seen as hypocritical Muslim Zionists who have betrayed the cause of Palestine's liberation.

What is the judgment and the declaration of the heavenly Courtæ

After much discussion, various sources and arguments suggested the court issue a formal ruling declaring ææææææææ (pithgam) – that the time has come for Hashem (God's Holiness) to complete the redemption by defeating Israel's enemies once and for all, revealing the 13th principle of faith – Moshiach, establishing a perfect Jewish world for the chosen people, creating Greater Israel, and rebuilding the Third Beit HaMikdash at the location of the Dome of the Rock (Al Aqsa Mosque).

After much discussion, the court reached a unanimous decision.

Smotrich, thrilled and overjoyed by the decision, declared that we are in the "process of redemption" and "conquest of the land." He said this journey, which will require sacrifice, hardship, and the return of the divine presence to Zion, has already begun (Talmud Sanhedrin 98a).

He described redemption (Geulah) as unfolding and being hastened (Achishenah) by our courageous soldiers defeating our enemies, paving the way for the promised Savior who will bring redemption, restoration, and glory to the Jewish people. The newspaper headlines in Tel Aviv, Jerusalem, and the USA following today's judgment.

Listen to the voices of our Gedolim, the esteemed rabbis and scholars.

Rav Yitzchok Breuer once said, "Hashem exiled us, but it was our sins that drove us even farther from our Land."

Rav Yosef Chaim Sonnenfeld said, "Anyone who can come to Eretz Yisrael but doesn't will have to answer for it in the World to Come… because Mashiach is already here, just waiting for you to come home."

Rabbi Shlomo Aviner, "Don't make excuses or become attached to life in exile."

Prominent rabbis in the USA are promoting an AI-generated video portraying the arrival of Moshiach as sudden, happening in the blink of an eye.

Although Israeli governments have differed in their degrees of radicalism and extremism, demographic changes remain a ticking time bomb and a pressing concern as millions emigrate to Europe, the USA, and Canada.

Critics say this pattern of apartheid and ethnic cleansing drives harsher policies toward Palestinians, describing them as acts of extermination carried out with impunity and disregard for international law or the rules-based order. They argue that today's ruling only serves to justify more violence against Palestinians.

Currently, many Israelis back Netanyahu's vision of a Greater Israel, encompassing the West Bank, East Jerusalem, Gaza, and extending from the Jordan River to the Nile.

Data from the Israel Central Bureau of Statistics and a Gallup poll indicate that 76% of Israelis oppose the idea of a Palestinian state, instead supporting a Greater Israel by relocating Palestinians to Arab countries and Gulf states, or even eliminating them entirely.

There isn't a single intentionally omitted poll that reveals the exact percentage of Israelis who openly support "ethnic cleansing," "genocide," or the concept of "Greater Israel" (Eretz Yisrael Hashlema).

Israel Doesn't Even Try to Hide Its Genocide.
https://www.islamicity.org/93165/israel-doesnt-even-try-to-hide-its-genocide/

The Geula Movement, led by Rabbi Josh Wander, is pushing for what he calls a Zionist Jihad, claiming that the Heavenly Court has declared that enough is enough.

Rabbi Josh claims that after two thousand years of exile, the Jewish people and the IDF are a moral force, justified in seeking genocide and ethnic cleansing as a path to ultimate redemption.

Rabbi Josh Wander has urged Jewish people worldwide to return to their homeland, encouraging them to move beyond symbolic gestures of support for Israel and to stop making excuses.

He believes Hashem has revealed His Kingdom through the Geula—ending suffering, overcoming those who seek to harm the blessed nation of Israel and the Israelites as the chosen people, unveiling the Moshiach, and rebuilding the Third Beit HaMikdash.

On the other hand, the Orthodox Jewish group Neturei Karta, along with Pastor Chuck Baldwin and other Christian pastors, view this as a false prophecy.

Since the beginning of modern Zionism, tensions have persisted between Zionists, who see it as inseparable from Judaism, and many Jews who do not align with this ideological stance.

Many ultra-Orthodox groups reject the idea of a Jewish state, believing that only God can create it after the Messiah arrives, and that Zionism has no connection to Judaism.

Neturei Karta, a group within the larger Haredi community, takes things further by openly supporting Palestinians and calling for the "peaceful dismantling" of Israel to establish Palestine. They believe that, God willing, Palestine will be free from the river to the sea.

# Needs dactrim of necessity

Never buy for death if you have a innumerable money and more bussines with more property. Better to help another person who is poor and old age for treatment as you like by your open heart and smart mind. It's dependent from your kindness religious open mind. Where is God , God is there, where is hell where is heaven , God are there if you are confidence himself to himself about as a human being by your open own eye. As a matter of fact as you shows as you seen over there.

Many people love me but never help from riches person of world from own family to friendly circle branches of root. Men may come men may go but needs the money where you be go anywhere any places of the world. Well doing makes a highlighted life present to future scope. If you are try what I should be done for the nation, for the people thanafter you will be glad any time any places in a green garden earth to own house with any blood relationship to friendship circle of the world. Natural cloud are changing by air storm. Now a days in this iron age faithful love are changing for own selfish as a ranging the bell in a temple to own house own confidence humanity society. At a time never seen who will be win forever except Almighty power of God Sun, Moon, Stars, Blue Sky, Air, Earth so forth and so on. Knowledge is power love begets love. In the mean time dirty mind dirty poverty politics like to buy drops of tear eternal for the revolving chair where are more power to kill poor people and misuse science technology in a worldwide which we are looking neaas rly 3rd great war dangeries than 1st and 2nd war. Flying on blue Sky but go there as a bell Oneday. Everyone knows all are not a same feather except kindness to all and money making by master plan successful bussines. Hoping is not a empty vessel which are looking kindness to poor old person by someone. They are getting a heavenly life forever own life with faithful family to trustful human circle. Every testimonyal is not a big if you deeply to think as a Pasifick Ocean. Make a hay while the Sunset. Do that work see what others don't. Tyarif never to pay for the playnic love but needs dactrim of necessity.

The Sunlighting of day first Good Morning to Sunset given the more lesson what you are doing well otherwise or misdoingæ Better to study himself first of all. All are teacher but tbere are hidden own selfish. Try to study about seven words of teacher. It's a universal truth never attention our mind vision. Who is that æ May be father and mother nothing front of young children but seen Oneday whenever children will be old age. This is not instruction from me except Almighty power of God which is never death because they are again and again reborn that is called the incarnation or God which is not seen from we.

More person are forget after earning the lot of money and power of revolving chair to the parents.

-------- Jagadish Bahadur Pradhanang












# अव्यवस्थित बस्ती, अविकासको कारण

पद्धतिमा चलेको व्यवस्थामा मात्र निष्पक्षता रहन्छ। यस्तो भएमा मात्र जनताले : सेवा र सुविधाको समान अवसर पाउँदछन् ,क्रमस...

- ☐ सबैखाले सेवाको समान वितरणव्यवस्था हुन्छ ,
- ☐ केन्द्र-स्थानीय स्तरमा सही कार्य विभाजन (विकेन्द्रीकरण) हुन्छ,
- ☐ सबै खाले अवसर र सेवाको समान वितरण हुन्छ, ,
- ☐ सबै नागरिकलाई समान गुणस्तरको शिक्षा हुनुका साथै सचेत हुने अवसर पाउँदछन् अर्थात् चेतना पहिलो आवश्यकत्ता ठहरिन्छ ,
- ☐ राष्ट्रिय मूलनीति बन्दछ,
- ☐ सम्पूर्ण नागरिकले पूर्ण रोजगारका अबसर पाउँदछन् ,र
- ☐ त्यसले देश आत्म निर्भर हुन्छ, सम्पन्न बन्दछ।

यी कुरा केवल व्यवस्थित बस्ती पद्धतिले मात्र उपलब्ध गराउन सक्दछ।

सेवा र सुविधाको समान अवसर :

राज्यले आफ्ना सबै नागरिकलाई समान सेवा र सुविधा दिइनु पर्दछ। यसै अध्यायमा उल्लिखित राजनीतिक पद्धति अनुरूप राज्यको राजनीतिक पद्धतिको तहको अनुरूप रोजगार जुटाइदिने राज्यको जिम्मेवारी कमबेसी हुन जान्छ। ती सेवा पनि समान गुण स्तरका हुनु पर्दछ। सेवाको बितरण व्यवस्था समान नभएसम्म संबिधानप्रदत्त समानताको हक प्राप्त हुँदैन। सेवाको वितरण व्यवस्था समान नभएका कारणले नै तथाकथित दलित (अछुत), जनजाति, महिलाका समस्या जन्मेका हुन्छन्। सामन्त, शोषण, बालश्रम, बधुवा मजदुरी, मानवको बेचबिखन जस्ता कुरा त्यसकै उपज हुन्। धनी र गरीब भनिने बीचको विकराल खाडल तथा त्यसभित्र हुनै नपर्ने बेरोजगारी समस्या जन्मिन पुगेको हो। यही समस्याले नै सामाजिक अपराध, आपराधिक प्रवृत्ति, असामाजिक तत्व र आतंकवाद समेतलाई जन्म दिएको हो। नेपालको संविधानमा उल्लिखित मौलिक हकमा समानताको हक प्रमुख हो। त्यस्तै संविधानले राज्य निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था गरेको छ तर तिनको प्रयोगमा अन्यथाको व्यवस्था गरेर देशभरका जनताले यथार्थमा समानताको हकको उपभोग गर्न सकेका छैनन्। यो पद्धतिले त्यो हकको उपभोग गराउन सक्दछ।

व्यवस्थित बस्ती :

जबसम्म सारा देशको वस्तीलाई व्यवस्थित गरिँदैन कुनै पनि विकास गति सम्भव छैन। कुन ठाउँमा कस्तो र कत्रो शहर वा बस्ती बसाइनुपर्दछ भन्ने कुरामा जुन ठाउँको जति क्षमता छ त्यहाँ त्यत्रै बस्ती बसाइनु पर्दछ। त्यस्तो बस्ती न्यूनतम ५० घर अट्ने क्षमताको हुनु पर्दछ।

व्यवस्थित वस्तीबाट गाउँ विकास गर्ने पद्धति अशिक्षित, गरीब अल्पविकसित र विकासोन्मुख मुलुकका लागि हो। यसले छोटो समयमा विकसित मुलुकको हाराहारीमा पुऱ्याउँदछ। यो अत्यन्त सस्तो पद्धति हो। यसमा विदेशी सहयोग वा दानको आवश्यक्ता पर्दैन। यो जनसहभागितामा आधारित पद्धति हो।

अव्यवस्थित बस्ती सबै नराम्रा कुराको कारक तत्व हो।

व्यवस्थित बस्ती सिद्धान्तबाट गाउँको बसाइ स्वर्गको बसाइ हो भन्ने व्यावहारिक उपमा विश्वलाई दिन सकिन्छ। नेपाली सबैलाई गाउँ फर्कने बनाउन सकिन्छ। पर्यटक गाउँमै रमाउने पार्न सकिन्छ।

वर्तमान शक्ति राजनीति पद्धतिमा घैला फोडेर शीत बनाइन्छ तर व्यवस्थित वस्ती मोडेल भने शित ओभाएर घैला भर्ने सिद्धान्तमा आधारित छ। स-साना कुरा, स्रोत साधन र आवश्यक्ताका आधारमा पूर्ण जनतालाई रोजगार दिएर तथा गरेर गर्न सिक्ने पद्धतिमा सीप विकास गरेर कुटीर उद्योगबाट विस्तारै मध्यम र ठूला उद्योगसम्म पुग्ने लक्ष्य रहन्छ। यसको पहिलो लक्ष्य आयात प्रतिष्ठापन गर्नु हुन्छ। त्यसबेलासम्म राज्यले उद्योगलाई संरक्षण दिइरहन सक्नुपर्दछ।

ब्यबस्थित बस्तीको कडी : ब्यबस्थित बस्ती नभए सम्म सबै नागरिक सम स्तरमा सचेत हुन सक्दैनन्। योजनाका अबधारणा-

योजनाबद्ध गाउँको अवधारणाः

व्यवस्थित र एकत्रित गाउँ विकास कार्यक्रमका लागि घना बसोबासको आवश्यक्ताको पर्दछ। यो अत्यन्त नयाँ कार्यक्रम हो। यो एउटा आधुनिक बसोबास हो। यहाँ मानव जीवनलाई चाहिने सम्पूर्ण वस्तुहरूको सुव्यस्था हुन्छ। सम्पूर्ण नागरिकले पूर्ण रोजगार पाउँदछन्। यी गाउँ सबै भौतिक सुविधाले युक्त हुन्छन्। यहाँ लक्ष्य गरिएको यो व्यवस्था घोषित शहरी क्षेत्र वा सीमित ठाउँ विशेषका लागि मात्र होइन, सारा देशभरिका जनतालाई समेट्ने गरी सञ्चालन गरिने कार्यक्रम हो। यस व्यापक योजनालाई एक सामाजिक र आर्थिक क्रान्तिकै रूपमा लिई जनतालाई यसको दीगो रूपको भविष्यबोध गराई यसको कार्यान्वयन कानूनी रूपमा हुनुपर्दछ। यसको कार्यान्वय अनिवार्य तर खेर गएको श्रमको माध्यमबाट पूरा गरिनु पर्दछ। यो घरबास मात्र व्यवस्थित गराउने कार्यक्रम नभई हाम्रो जीवनको आर्थिकस्तरमा सुधार ल्याउने, सामाजिक पक्षमा परिवर्तन ल्याउने, कला पक्षमा मोह बढाउने र सर्वाङ्गिण पक्षमा एकै साथ विकास गर्ने मोडल पनि हो।

यस योजना अनुसार ५० भन्दा कम घर संख्या भएको र अव्यवस्थित रूपमा रहेको गाउँ नै हुँदैन। बढीमा हजारौं घर पनि हुन सक्दछन्। हरेक गाउँमा कम्तीमा एउटा विद्यालय हुन्छ। एउटा सार्वजनिक भेला गृह, सानो खेलकुद मैदान हुन्छ। त्यहीँ त्यस गाउँका मानिसले नाटक देखाउने, खेलकुद गर्ने, मनोरंजनका कार्यक्रम गर्ने, सबै प्रकारका प्रदर्शनी गर्ने र सबै प्रकारका सभा मिटिङ र तालिम सञ्चालन गर्ने गर्दछन्। त्यहीँ हरेक बिहान व्यायाम, योगाभ्यास गर्ने गर्दछन्। त्यस गाउँमा बनेका सबै घर सस्ता, राम्रा, सफा, सुलभ शौचालय र सुलभ चुल्होयुक्त हुन्छन्। घरभित्र भान्छा, भण्डार, सुत्ने र बस्ने कोठा अलग अलग हुन्छन्। उनीहरूका पाइखाना जोडेर एउटा सामूहिक ठूलो सेफ्टी टैंक बनाइन्छ। यदि त्यस गाउँमा अरू स्रोतबाट बिजुली उत्पादन गरिएको छैन भने त्यसै ग्याँसबाट बिजुली उत्पादन गरी त्यस गाउँमा वितरण गरिन्छ। त्यस्तै गाउँको गोवर पाइपबाट जम्मा गरी गोवर ग्याँस उत्पादन गरिन्छ। गोवर ग्याँसबाट उत्पादित मल खेतीमा प्रयोग गरिन्छ। गाउँमा कमसेकम एउटा टेलिफोन र सानो हुलाक हुन्छ। हरेक गाउँमा एउटा टेलिभिजन र रेडियो श्रवण केन्द्र हुन्छ। खानेपानीको धारा हुन्छ। हरेक घरमा लहलहाउँदा फूल र अरू रूखहरूको हरियालीले छाएको हुन्छ। त्यहाँ एउटा स्वास्थ्यचौकी हुन्छ जहाँ स्वास्थ्यको प्रारम्भिक रिकर्ड राख्ने, उपचार गर्ने, जानकारी दिने र परिवार नियोजनका साधन वितरण गर्ने काम हुन्छ। प्रायः बधुवाँ गराई पालिने पशुहरू सबै आधुनिक, दुधालु र विकासे हुन्छन्। तिनीहरूलाई हेरचाह गर्न एउटा सानो पशु स्वास्थ्य चौकी हुन्छ। दूध, फलफूल, अन्न वा अरू वस्तुका स-साना उद्योग घर घरै चल्दछन्। खेती चकलाबन्दी र ब्लकमा गरिन्छ। यी सबैको व्यवस्था गर्न र स्याहार सम्भार गर्न उनीहरूका आफ्नै समिति हुन्छन्। हरेक कामका लागि छु-छुट्टै उपभोक्ता समिति हुन्छन्। गाउँमा सबै पठित हुन्छन्। कोही रोजगारविहीन हुँदैनन्। चुरोट, बिँडी, कक्कड र रक्सी जस्ता वस्तुको अम्मली कोही हुँदैनन्। त्यहाँ यस्ता चीज किन्न पनि पाइँदैनन्। हरेक गाउँका आफ्नै वन हुन्छन्। खेतीका लागि छु-याइएको चकला बाहेक सबै प्रकारका जग्गामा वनैवन गराइन्छ। यातायात र बजारको सामान्य व्यवस्था हुन्छ। बाढी पहिरो बन्द हुन्छ। दैवी र मानवकृत प्रकोप घटेर जान्छन्। सबै जनता सचेत र विवेकशील हुन्छन्।

योजनाबद्ध घरको अवधारणाः

जसरी अबरोधरहित तथा कम खर्चिलो रूपबाट छिटो भन्दा छिटो विकास गरी जनताको जीवन स्तर उकास्न व्यवस्थित वस्तीहरूको खाँचो छ ठीक त्यसैगरी स्वास्थ्यकर, कम खर्चिलो, सुन्दर, सुरक्षित तथा सहज बसाइँकालागि योजनाबद्ध घरको पनि आवश्यक्ता पर्दछ।

व्यवस्थित घर भनेको व्यक्तिको रोजगार वा परिवारको मूल व्यवसाय, परिवारको सरदर सदस्य संख्या, तिनको लागि स्वास्थ्यकर सुत्ने कोठा, भान्छाको बनोट, पाइखाना र ढलको निकास, फोहर तथा छतको पानीको व्यवस्थापन तथा सजिलो र सस्तो बसाईका लागि बनाइने घर हो।



डा.शास्त्रदत्त पन्त

व्यवस्थित गाउँ बनाउँदाका बखत नै व्यवस्थित घर पनि बनाउनु आबश्यक हुन्छ। किनभने यसो गर्दा खर्च कटौती हुन जान्छ।

वर्तमान अवस्थामा भएका अधिकांश घरहरूको अवैज्ञानिक बनोटका कारण ८० प्रतिशत सम्म मानिस कुनैनकुनै खाले रोगका शिकार भएकाछन्। तिनलाई रोग मुक्त गर्न पनि पुराना घर भत्काएर नयाँ घर बनाउनु पर्ने अथवा घर बनाउन कानूनतः नियन्त्रण गर्नुपर्ने अनिवार्यता छ।

घरको वर्तमान अवस्थाबारेको बिस्तृत चित्रणको बिबरण पृ......मा दिइएकोछ। त्यसले पनि व्यवस्थित घरको खाँचो किन भयो भन्ने कुराको पुष्टि गर्दछ।

देशभरका घरहरूको सरदर वर्तमान अबस्था तल सारिणी न .- १ मा दिइए अनुसारछ।

वर्तमान अवस्थाः क्रमस...

---

# लुम्बिनी वाङ्मय प्रतिष्ठानबारे



सुरेशकुमार पाण्डे

लुम्बिनी वाङ्मय प्रतिष्ठान दाङको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशन शनिवार देउखुरी दाङको रातोडाँडामा सम्पन्न भएको छ। देउखुरी साहित्य तथा सांस्कृतिक मञ्चको सभा हलमा आयोजित कार्यक्रमको प्रमुख अतिथिमा देउखुरी बहुमुखी क्याम्पसका उपप्राध्यापक तथा साहित्यकार हरेकृष्ण ज्ञवाली हुनुहुन्थ्यो।

संस्थाकी उपाध्यक्ष राधा गौतमको स्वागत मन्तव्यसँगै सुरू भएको कार्यक्रम प्रमुख अतिथि ज्ञवालीले लुम्बिनी वाङ्मय प्रतिष्ठानको अतीत कोट्याउँदै लुम्बिनी प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना गर्ने उद्देश्यले स्थापना हुन पुगेको संस्थाले सो उद्देश्य पूरा नहुने देखिएपछि लुम्बिनी वाङ्मय प्रतिष्ठानको रूपमा दर्ता हुन पुगेको उल्लेख गर्नुभयो।

राज्यले साहित्य कला क्षेत्रको उपेक्षा गरेको बताउनुहुँदै उहाँले साहित्यकारहरूले कानुनको दफा दफा केलाएर तहाँ कला साहित्यका सन्दर्भमा उल्लेख भएका कुराहरूको अध्ययन गरेर आफ्नो अधिकार सुनिस्चित गर्न सामुहिक रूपमा डटेर लाग्नुपर्ने पनि बताउनुभयो।

कार्यक्रममा लुम्बिनी वाङ्मय प्रतिष्ठानका केन्द्रिय अध्यक्ष ऋषि आजाद, केन्द्रिय उपाध्यक्ष तिलक लामिछाने, झिल्का साहित्य समाज, नेपालका अध्यक्ष वसन्त अनुभव, राप्ती साहित्य परिषद दाङ शाखा उपाध्यक्ष सुरेशकुमार पाण्डे सम्मानित व्यक्तित्व सन्ध्या रेग्मी लगायतका महानुभावहरूले शुभकामना मन्तव्य दिनुभएको थियो।

उक्त अवसरमा लुम्बिनी वाङ्मय प्रतिष्ठानका केन्द्रिय कोषाध्यक्ष एवम् लघुकथाकार लक्ष्मण ज्ञवाली, वरिष्ठ साहित्यकार एवम् लघुकथाकार खगेन्द्र बस्याल, साहित्यकार एवम् शिक्षक जगतराम यादव, राप्ती साहित्य परिषद दाङ शाखा सहसचिव वीणा रोका, रिमा गौतम, देवेन्द्र रिजाल, कपिल किशोर घिमिरे, युवराज भण्डारी, एक्लो क्षितिज, आर एल संगीता, शेषमणि घिमिरे, सूर्यराज गौतम, हृदय लेकाली लगायतका साहित्यकारज्यूहरूले आ-आफ्नो रचना वाचन/गायन गर्नुभएको थियो।

कार्यक्रममा तिलक लामिछाने, दामोदर भण्डारी, छवि ज्ञवाली, लोकराज पोखेल, दिपा खत्री, वालमुकुन्द शर्मा आचार्य, रेशम बि.सी., सुभाष पाण्डे, गिरिराज खनाल, शनिराम चौधरी, विश्व प्रकाश अधिकारी, धर्मराज शर्मा, केशव शर्मा लगायत ३ दर्जन बढी अतिथि एवम् साहित्यानुरागीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा लुम्बिनी वाङ्मय प्रतिष्ठान, दाङ कार्यसमिति सचिवको संगठनात्मक प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन संस्थाका अध्यक्ष श्री नीम बहादुर थापाले प्रस्तुत गर्नुभएको थियो। साथै उक्त कार्यक्रममा साहित्यकार/पत्रकार सन्ध्या रेग्मीलाई राप्ती रत्न सम्मानद्वारा सम्मान गरिएको थियो।


अपरान्ह सवा १२ बजेदेखि सुरू भएको कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका दाङ जिल्ला अध्यक्ष निम बहादुर थापाले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन संस्थाका सचिव केशव दिपक शर्माले गर्नुभएको थियो।

नयाँ कार्यसमिति गठन तथा सपथग्रहण

साधारण सभापश्चात चलेको अधिवेशनले साहित्यकार सुरेशकुमार पाण्डेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको थियो। जसको उपाध्यक्षमा राधा गौतम, सचिवमा वसन्त अनुभव, सहसचिवमा रिमा गौतम, कोषाध्यक्षमा कपिल किशोर घिमिरे र सदस्यहरूमा वीणा रोका, विश्व प्रकाश अधिकारी, नारायण योगी, केशव दिपक शर्मा, शनिराम चौधरी र संगीता बि.क. रहनुभएको छ। नवगठित कार्य समितिलाई लुम्बिनी वाङ्मय प्रतिष्ठानका केन्द्रिय अध्यक्ष ऋषि आजादले शपथग्रहण गराउनु भएको थियो।

---

# फा सियान, लुम्बिनी बुद्धथलो पत्ता लगाए



बुद्धज्ञानीहरू भन्छन्- बौद्ध धर्म सन् ६७ मै चीन पुगिसकेको थियो र विस्तारै लोकप्रिय पनि हुन थालेको थियो। सुरूमा गौतम बुद्धले के भनेका थिए, त्यसैबारे भ्रम थियो। यस्तोमा एकजना चिनियाँ भिक्षु फा सियान निस्के, बौद्ध धार्मिक यात्रामा। उनको त्यही यात्रा बन्यो बुद्ध इतिहासको भरपर्दो स्रोत।

लगभग १ हजार ६ सय वर्षअघि उनले गरेको कपिलवस्तु र लुम्बिनीको भ्रमण आधुनिक नेपालको इतिहासकै लागि पनि अद्वितीय छ। नेपाली भूमिको धार्मिक यात्रा गर्ने उनी ऐतिहासिक कालका पहिलो चिनियाँ हुन् भन्दा हुन्छ।

फा सियानभन्दा अगाडि पनि बौद्ध धर्मको अध्ययनका लागि केही चिनियाँ भिक्षुले आफ्नो देश छाडेका थिए, तर उनीहरूले आफ्नो यात्रा विवरण लेखेनन्। यिनकै यात्राका कारण गौतम बुद्धको जन्मस्थल लुम्बिनी आधुनिक नेपालमा पर्छ भनेर पत्ता लगाउन र प्रमाणित गर्न ठोस आधार मिलेको हो। गौतमवीर बज्राचायका अनुसार 'फा सियानले आधुनिक नेपालका लागि लगाएको सबभन्दा ठूलो गुण नै यही हो। पछि त्यसैको आधारमा अरू चिनियाँ बौद्धभिक्षुले यात्रा गरे लेखे।'

फाको जन्म चीनको सान्सी प्रान्तमा भएको थियो। उनको धार्मिक यात्राको समय सन् ३९९ देखि ४१४ लाई मानिन्छ। उनले दक्षिण एसियाको धार्मिक यात्रामै १६ वर्ष बिताए। त्यस क्रममा बौद्ध धर्मको गहन अध्ययन गरे र ठेलीका ठेली प्रमाणित बौद्ध ग्रन्थ चीन लगे। स्वदेश पुगेपछि उनले आफ्नो यात्रा विवरणका रूपमा लेखेको प्रसिद्ध पुस्तक हो, 'बौद्ध राज्यको विवरण'।

खण्डहर कपिलवस्तु :

फा सियान श्रावस्तीबाट लुम्बिनी पुगेका थिए। त्यसक्रममा उनले काश्यप बुद्ध, क्रकुछन्द बुद्ध र कनकमुनि बुद्धको जन्मस्थल देखे। त्यसपछि कपिलवस्तु नगर पुगे। बज्राचार्यले लेखेका छन्, 'नगरमा न राजा त प्रज्ञा नै थिए। नगर पूर्ण रूपले खण्डहर र उजाड स्थितिमा देखेका थिए। केही श्रवण र दस घर परिवार आदिवासी मात्र उनले त्यहाँ देखे। राजा शुद्धोदनको प्राचीन तिलौराकोट दरबारमा उनले केबल कुमार र मायादेवीको मूर्ति मात्र देखे।'

लुम्बिनी यात्राको विवरणमा फा सियानले लेखेका छन्, 'यहाँ महारानीले एउटा कुण्डमा नुहाएकी थिइन्। त्यसपछि कुण्डबाट उत्तर कुना भएर माथि उत्रिनु बीस पाइला जति पर पुगेर हातले एउटा वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन्। यसपछि कुमारलाई जन्म दिइन्।' त्यस क्षेत्रमा घनाजंगल रहेको हुनाले यात्रीले बुद्धको अस्ति धातु राखिएको स्तूप देखेको पनि फाको किताबमा उल्लेख छ।

उसबेलाको लुम्बिनी : सन् १८९६ डिसेम्बरमै मात्र हो, गौतम बुद्धको जन्मस्थान लुम्बिनी हो भनेर फेरि पत्ता लागेको। सन् १८०० तिर युरोपतिर बौद्ध धर्म लोकप्रिय हुन थालेको थियो। केही युरोपेली भाषामा प्रमुख बौद्ध साहित्य पनि अनुवाद भए। बौद्ध धर्मबारे थप खोजी हुने क्रम सुरू भयो। लुम्बिनीसँगै बुद्धगया, सारनाथ र कुशीनगरबारे पनि खोजी सुरू भए। पालि साहित्यसँगै फा सियान र स्युवीयान चाङ (कतिपयले हुएन साङ पनि भन्ने गरेको) को यात्रा विवरणको आधारमा लुम्बिनीको खोजी भएको हो। लगभग आठ सय वर्षसम्म यसको स्थिति अज्ञात रह्यो। त्यस बीचमा के भएको हुनसक्छ भनेर इतिहासकारहरूले थरीथरीको अनुमान गरेका छन्। स्युवीयान चाङ लुम्बिनी पुग्दासम्म त्यस बेला त्यहाँ मानवबस्ती धेरै पातलिसकेको थियो। पछि त यो घनाजंगलमा परिणत भयो। इतिहासकार भुवनलाल प्रधानका अनुसार त्यस समयमा त्यहाँ ठूलो भोकमारी चलेको हुन सक्छ। बाढी आएको पनि हुन सक्छ। अथवा भयानक आगलागी भएर बस्ती नष्ट भएको अनुमान पनि गरिन्छ। यस्तै कुनै प्राकृतिक प्रकोपका कारण लुम्बिनी त्यति लामो समय सबैको जानकारी बाहिर रह्यो। फा सियानकै भ्रमण र उनले लेखेको पुस्तकबाट प्रेरित भएर सातौं शताब्दीमा स्युवीयान चाङले लुम्बिनीको भ्रमण गरे र त्यसबारे थप जानकारी छाडेर गए। फाले आफूले गरेको भ्रमणका क्रममा खासखास स्थानमा कुनै न कुनै चिह्न छाडेर गएका थिए। यसले उनीपछिका चिनियाँ यात्रीलाई सजिलो भएको थियो।

बुद्धभद्रसँग सहकार्य : फा सियान चीन फर्केयता नानचिङमा उनको भेट भयो, बुद्धभद्रसँग। यी दुई बौद्ध विद्वान् मिलेर संस्कृतबाट धेरै बौद्ध दर्शकका सूत्र चिनियाँ भाषामा अनुवाद गरे। त्यसमध्ये सबैभन्दा प्रसिद्ध ग्रन्थ हो- महापरिनिर्वाण सूत्र। चिनियाँ भाषामा लेखिएको एउटा ग्रन्थ छ- गो सेङ चुआन। यसको अर्थ हुन्छ, प्रमुख बौद्ध भिक्षुको जीवन। यसमा बुद्धभद्रको जीवनी पनि उल्लेख छ। चिनियाँहरू उनलाई आफ्नो भाषामा च्वेस्यान भन्थे। त्यस पुस्तकमा राम्रोसँग के उल्लेख छ भने बुद्धभद्रको जन्म कपिलवस्तुमा भएको थियो। उनी शाक्यवंशी राजा अमृतोदानका वंशज थिए। अमृतोदान गौत्तम बुद्धका नातेदार हुन्। इतिहासकार विजयनारायण मानन्धरको ठहर छ, सम्भवतस् बुद्धभद्र चीन पुग्ने पहिलो त्यस्तो ऐतिहासिक व्यक्ति हुन्, जसको जन्म आधुनिक नेपालमा पर्ने भूभागमा भएको थियो। यिनै फा सियान र बुद्धभद्र मिलेर चीनमा बौद्ध धर्मको विकास र प्रचारका लागि धेरै सहकार्य गरे, जसको चर्चा अहिले फेरि हुन थालेको छ।

विभिन्न पत्रपत्रिकाको सहयोगका साथमा बुद्धबारेको थप सूचना सामग्री।



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ साउन १२, July 28, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# राजसंस्थातिर जनलहर

यतिबेला राजसंस्था पुनर्स्थापनाका लागि हस्ताक्षर अभियान चलिरहेको छ । आयोजकहरूका अनुसार देशैभरिबाट एककरोडभन्दा बढी हस्ताक्षर संकलन गर्ने योजना रहेकोछ । पशुपति खड्का, मनोज सापकोजस्ता उत्साही युवाहरूले र तत् सम्बन्धित संस्था र अभियानहरूले आयोजना गरेको यो हस्ताक्षर अभियानमा राजसंस्था पुनर्स्थापनको पक्षमा उत्साहपूर्ण सहभागिता रहेको देखिएको छ । आँकलन गरिदैछ कि एक करोड हस्ताक्षर गर्ने लक्ष्य सजिलै प्राप्त हुनेछ । भन्नु नै पर्दा यो एक प्रकारको जनमत संग्रह नै हो । त्यसो त ०७२ को संविधान निर्माणका बखतमा पनि आमनेपालीले यस्तै किसिमको फाराम भरेका थिए, राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा जनमत दिएका थिए । यो थाहा पाएपछि तत्कालीन गणतन्त्रवादी शासकहरूले जनअभिव्यक्तिलाई धोक्रोमा पोको पारेर राखिदिए । त्यसपछि एक्कासी गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतासहितको संविधान घोषणा भयो । त्यसैको परिणाम हो आज नेपाल र नेपालीहरू पीडित भएका छन् । राष्ट्रघात, भ्रष्टाचार, कुशासन, अव्यवस्था आदि बिकृतिहरूलाई भोग्न नपाली बाध्य भएका छन् । अहिले संविधान संशोधनको तैयारी हुँदैछ । कार्यदलले सबै पक्षसँग सुझाव संकलन गरेर रिपोर्ट बुझाइसकेको छ । यसकारण पनि अहिले देशैभरि स ञ्चालन भइरहेको हस्तक्षर अभियानको महत्व अति छ । यही हस्ताक्षरको दबाबमा संविधान संशोधन हुँदा राजसंस्था र हिन्दराष्ट्रको सम्मान हुनेछ ।

गणतन्त्रवादीहरू संविधानमा खासै संशोधन नहोस् भनेर विरोध अभियान चलाइरहेका छन् । मुलुकको अधोगतिको मुख्यकारण रहेको वर्तमान संविाधनका मूलभूत प्रावधानहरू यथावत रहे भने मुलुक फेरि द्वन्द्वमा फस्नेछ । राजनीतिक मुद्दाहरू निदान नभएका कारणले जेनजी आन्दोलनसम्मको घटना बेहोर्नु पर्‍यो । यो संशोधनमा राजनीतिक मुद्दाहरूको समाधान हुनसक्यो भने संशोधन अर्थपूर्ण हुनेछ । उही गणतन्त्र, उही धर्मनिरपेक्षता, संघीयता कायम रहने हो भने झुक्याउने खेल हुनजानेछ । बालेन्द्र सरकारले हिन्दुधर्म र राजतन्त्रको सम्मान गर्नसके कुनै पनि नेपालीले बिरोध गर्नेछैनन् । औंलामा गन्न सकिने गणतन्त्रवादीको विरोधले कुनै लछारपाटौ लगाउने छैन । हिजोका दिनसम्म जनताको चाहना बुझेनन्, राजनीतिक सत्यता पनि बुझ्न चाहेनन्, जसको कारण पुरानाहरू किनारामा पुगेका छन् । नयाँले यो यथार्थ बुझ्नुपर्छ, जनताको लागि काम गर्न आएकाले जनभावनाअनुसार काम गर्नैपर्छ । हस्ताक्षर अभियान चलेको छ, यो हस्ताक्षर बुझाउने कसलाई- राष्ट्रपति रामचन्द्र पौडेललाई कि प्रम बालेन्द्र साहलाई । राष्ट्रपति अन्ध गणतन्त्रवादी हुन् । प्रम बालेन्द्र साह जनादेश सहित शासक बनेका छन् । हस्ताक्षर अभियानको भावनाको कार्यान्वयन गर्ने सरकारले हो । सरकार सचेत भयो भने यो हस्ताक्षर कार्यान्वयनमा जानेछ र बालेन्द्र साह ऐतिहासिक व्यक्तित्व बन्न सफलहुनेछन् । जनताको भावना के छ, त्यो महान कार्य, जनताको मनाभोव बुझ्नका लागि गरिएको हस्ताक्षर कार्यक्रम पनि बिना परिणाम रद्दीको टोकरीमा नजाओस् ।

०७२ सालमा संविधान निर्माणका बेलामा गरिएको जनअभिव्यक्तिको सुनवाई भएन भएन, अहिले जनस्तरबाट गरिएको हस्ताक्षर अभियानलाई महत्व दिनु बालेन्द्र साह र रास्वपाका लागि महत्वपूर्ण हुनजानेछ । नेपालमा राजतन्त्र पुनर्स्थापना हुने तीन तरिका छन् । जनविद्रोह, सेना विद्रोह, अन्तर्राष्ट्रिय दबाब । जनविद्रोह भनेकै हस्ताक्षर अभियान हो । हस्ताक्षर अभियानमा आमनागरिकले उत्सुकता देखाइरहेका छन् । यसलाई बुझाएर मात्र हुन्न, कार्यान्वयनमा लैजान परिचालित हुनसक्नुपर्‍यो । होइन भने नेपाल र नेपालीको जीवन अरू दुष्कर हुनजानेछ । नयाँ पनि केही होइनन्, पुरानो बोतलमा नयाँ रक्सीहालेकोमात्र सावित नहोस् । हो, दैनिक प्रशासन, अरू अनियमितताहरूमा नयाँहरूले केही सुधार गरेकै हो । जनतालाई सेवा दिन र अनेक क्षेत्रमा राहत दिन खोजेका पनि छन् । तर मुख्य कुरो राजनीतिक संवाद, सहमति र सहकार्य हो । राजनीतिक मुद्दाहरूको छिनोफानो हो । यसका लागि यो असफल संविधानमा आमूल परिवर्तन गरिनैपर्छ । लोकतन्त्रमा दायाँबायाँ गर्नुहुन्न, लोकतान्त्रिक राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गर्न दुई तिहाइको बालेन्द्र साहको सरकारलाई कसैले रोक्न सक्दैन । राजासहितको प्रजातन्त्र जनताको माग हो । पुराना जो जति कुडाकरकट छन्, त्यस्तै अनुहारमा बालेन्द्र सरकार देखियो भने त्योभन्दा ठूलो देशको लागि दुर्भाग्य अरू केही हुनेछैन ।

नयाँ पुस्ताले चार महिनामै राम्रो सुरूआत गरेको छ । कमीकमजोरी सुधार हुँदैछ । गर्नुपर्ने विधिव्यवहार देखाउन थालेकोमा नयाँलाई धन्यवाद भन्नैपर्छ । यद्यपि नेपाल र नेपालीलाई झण्डै कालोसूचीमा पुर्‍योउने वर्तमान संविधानलाई निर्मलीकरण गरेर संशोधन गर्न सकियो भने नेपालीहरूले दिएको साथ र सहयोग कायम रहनेछ ।



हिन्दुवादी, राजसंस्थावादी कोही हस्ताक्षरतिर, कोही आफै साखुल्ले पल्टनेतिर लागेका छन् ।

# राजनीतिक दलहरू मर्सिनरी बन्नुहुन्न



गणेशबहादुर ढुङ्गाना

रूस र अमेरिका, चीन र भारतवीच कुनै पनि बेला युद्ध छेडिन सक्ने तनाव, भारत र पाकिस्तानवीच पनि बढ्दो द्वन्द्व, भारतमा ४० हजार गोर्खा सैनिक दुबै मुलुकबिरूद्ध भारतले प्रयोग गर्नसक्ने सम्भाबना । यो स्थितिमा अधिवक्ता गणेशबहादुर ढुंगानाले केही समयअघि गरेको विश्लेषण प्रासङ्गिक हुनेछ । सं.

अनेकौ प्रसङ्गमा विश्लेषण नगरी नहुने राष्ट्रघाती विषयमा हाल नेपालमा उछालिएको विषयमा 'जातिवाद' हुन गएको छ । नेपालमा जातिवाद डलर र भारूको माखेसाङ्लोमा फसेको छ । यो जातिवादी हथकण्डा सबै विस्तारवादी मुलुकले आफूभन्दा कमजोर र गरीव मुलुकमा हस्तक्षेप, तहसनहस र लाभका लागि लागूगरेका हुन्छन् । यो जातिवादको अभिश्राप अन्य मुलुकहरूमा घातक रूपमा देखिन्थे भने अव नेपालमा पनि सशक्त रूपमा लागूगरिएको छ, जसको उद्देश्य नेपालमा निरन्तर रूपमा जातीय संघर्ष लागूगर्ने, हस्तक्षेप गर्ने, आन्तरिक रूपमा दुर्बल बनाएर लुट्ने दुराशय लुकेको हुन्छ । डलरवालाहरूको लम्बा समय लगाएर लडाउने मन्द विष प्रयोग गर्ने र कालान्तरमा सामाजिक तथा धार्मिक संरचनामा धमिरो लगाई, घर लडाई दिने हुन्छ । भारूवालाहरूले डाइरेक्ट तत्कालै मार्ने, कडा 'जातिवादी विष' प्रयोग गरेका हुन्छन् । उदाहरणका लागि भारत सरकारले नेपालमा कति छिटो छिटो एउटा बेग्लै, विशिष्ट, शक्तिशाली राजनीतिक, आर्थिक, सामाजिक, राष्ट्रिय अखण्डता, राष्ट्रियता सखाप पार्ने भारतीयहरूको नेपाली छद्म छलीय मधेसीया जाति जन्माएर सक्रिय र निर्णायक बनाउँदैछ । सबै नेपालीहरूले हेर्दाहेर्दै, देख्दादेख्दै कति छिटो भारतले नेपालमा दुई फ्याक मधेसे बनाएर विश्वलाई नै आश्चर्यचकित गराइदियो । ती दुई फ्याक मधेसमा १) १९५० को सन्धि अन्तर्गत तथा पछि पछि बेलाबेलामा शक्तिको दुरूपयोग गरेर लाखौंलाखका झुण्डमा नेपालको नागरिकता लिएका भारतीय नव-मधेसिया । २) १९५० अगाडिका गेह्न आदिवासी, अनादिवासी मौलिक तराईवासी नेपाली मधेसे । यसरी हेर्दा माजरा मिलाएर भारतले नेपालमा भारतीय र नेपाली दुई किसिमका मधेसे कायम गरेको सरकारी तथ्यांक र चस्मेदित नेपालीहरूबाट समेत छर्लङ्ग हुन्छ । आज भारत सरकारले नेपालमा मेधसिया र पहाडियाको उग्र जातिवादी नारा उछालेर विश्वमा निषेधित जातिवाद नेपालमा लागूगराएर निकट भविष्यमै भारी रक्तपातको तानाबाना बुनिरहेको छ । ब्राम्हण-क्षत्री र अन्य समान जातको हत्या गर्न ब्राम्हण, क्षेत्री नेता र तिनीहरूद्वारा सञ्चीलत राजनीतिक दलहरूकै प्रयोग गरिएको छ । आदिवासी जनजातिलाई बिभाजन तथा कमजोर गर्न उनीहरूकै नेताहरू रसंगठनहरूको प्रयोग गरिएको छ । आदिवासी नेपाली मधेसेको सुख-सुविधा हनन र राजनीतिक तथा आर्थिक अस्तित्व मेटाउन पनि नयाँ भारतीय मधेसेकै प्रयोग गरिएको छ । यसमा अर्को डरलाग्दो कुरा के छ भने देशमा सबैभन्दा धेरै जनसंख्या भएको, सबैभन्दा पुरानो अनादिवासी, उत्तरा, हिमवत खण्डे, कैलाश पार्वत्य, मानसरोवरीय, खस आर्य समाजका नेपाली ब्राम्हण, क्षेत्री, सन्यासी, भुजेल, कामी, दमाई, सार्की, सुनारसमेतका अनादिवासी, महान जाति भनेर उसबेला पहिचान बनाएका नेपालका सशक्त जातिलाई राज्य व्यवस्थाबाट निषेध गर्ने आज जुन भीमकाया भूल भइरहेको छ,, यसका लागि भविष्यमा भारत लगायत यसका मतियार नेपालीहरूले ठूलो पश्चाताप गर्नुपर्नेछ ।

यहाँ नेपाली जातले नेपाली जातलाई नगरी नहुने गुनासो के छ भने भारत सरकार र भारतीय मधेसेको त क्षत्री-बाहुनलाई बिस्थापित गरेर आफूस्थापित हुन पाए नेपालको बैभव लुटौंला, शासन गरौंला, भोज खाउँला, मोज गरौंला भन्ने मनसाय बुझ्न सकिन्छ । तर यहाँका सबै जातलाई भारतले यसरी उदारतापूर्वक जातिवादी राज्य बाँडिराखेका बेलामा आ-आफ्नो राज्यको दावी गर्ने तर क्षत्री-बाहुनहरूले पनि उनीहरूको हक खस राज्य पाउनुपर्छ भनेर आन्दोलन किन नगरेको ? बाहुन-क्षेत्रीले ले त यसरी भारतले जात-जातलाई जातीय राज्य दिएर, बाहुन-क्षेत्रीका ठाउँमा जनजातिको समेत समर्थन बटुलेर भारतीय मधेसेलाई सत्ता सुम्पिउँला अथवा तराई फुटाउँला भन्ने अन्तर्निहित उद्देश्य रहेको बुझेका छन् । यद्यपि नेपालका जनजाति नेताहरूले त्यो बुझेर अथवा नबुझिकन किन भारतीय मधेसेको समर्थन गरिरहेका छन् ? यसमा सबै नेपाली दाजुभाईहरू राष्ट्रवादी चेतमा आउनु पर्दछ, त्यसै भनेर बाहुन-क्षेत्रीहरूले पनि हिजोका कुरा छाडेर आजका दिनमा महान जाति होइन, समान वा जनजाति, अनादि होइन आदिवासी, चरण ढोगाउने होइन, स्वस्ति दर्शन गर्ने होइन हात मिलाउने, भात-पानी समागम गर्ने भनेर कानुनी तथा संगठनात्मक प्रतिवद्धता जनाइसकेका छन् । यस मेसोमा आउन दिएनन् यदि स्वार्थी वा विदेशी विखण्डन, बिभाजनवादीले भने नेपालका खस आर्यहरू एकमुष्ठ रूपमा आन्तरिक खस ठकुरी अधिराज्य नेपाल र बाह्यमा खस साम्राज्य वा ग्रेटर नेपालको हक दावीमा अडिग रहनसक्ने हुनेछन् । यो कुराको 'मधेसवादी' नेपाली बाुहन-क्षेत्री बिरोधी भारत सरकारले पनि हेक्का राख्नुपर्दछ । राष्ट्रघातकै अर्को कडीको रूपमा आएको छ- आत्मनिर्णयको अधिकार र जनमत संग्रह । जुनसुकै राष्ट्रको पनि सार्वभौमसत्ता सम्पन्न, स्वतन्त तथा अविभाज्य रहने अन्तर्निहित नैसर्गिक विशेष अधिकार रहन्छ । त्यसलाई अक्षुण्ण राख्ने हदसम्मको अन्तरनिर्णय (क्ष्लतभचलर्बा मष्अष्कष्यल) वा जनमत संग्रह (च्भाभचभलमगm) सबैतिर ग्राह्य हुन्छ । आन्तरिक निर्णयको सेरोफेरोभित्र घुम्ने प्रतिवन्धात्मक परिभाषाभित्र पारेर आत्मनिर्णय र जनमत संग्रहको प्रसङ्ग उठाउनु सान्दर्भिक हुनसक्छ तर त्यसको विपरित काश्मिरे आत्मनिर्णयको अधिकार र सिक्किमको लेण्डुपे जनमत संग्रह तथा नेपालका चारदलीय सहमतिका कुरा उठाउनु सरोसरी तराईमा सवा करोड जति भारतीयलाई नेपाली नागरिकता दिलाएको भारत समर्थक मधेसेहरूको दुरूपयोग गर्नु हो भन्ने स्पष्ट हुन आउँछ । यदि त्यस्तो नहुँदो हो त हिन्दुस्थान, पाकिस्थान दुई राष्ट्रबीचको बहुसंख्यक मुस्लिम भएको झगडिया क्षेत्र काश्मिरमा भारतले आत्मनिर्णयको अधिकार वा जनमत संग्रह किन नदिएको त ? नेपालमा चाहिं तराईमा भारतीय जनसंख्या अत्याधिक भर्ने बित्तिकै आत्म-निर्णयको अधिकार, जनमत संग्रह अथवा सशस्त्र संघर्ष, सहमति वा समावेशी अधिकार दिनुपर्ने यो कस्तो बिडम्बना र अन्याय हो । नेपालका ज्यालाका (Mercinary) प्रभुभक्त राजनीतिक दलहरू चाहिं किन नेपालका एजेन्डा छाडेर, भारतीय एजेन्डा बोकेर हिडिरहेका छन् ? यो चाहिं बुझिनसक्नु र सहिनसक्नु भइरहेछ ।

आत्म-निर्णयको अधिकार भनेको कुनै पनि बिबादरहित देशको सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र तथा अविभाज्य रहने आन्तरिक, अन्तर्निहित, नैसर्गिक अधिकार हो । तर आजको बिभाजित तथा द्वन्द्वात्मक राज्य व्यवस्थामा धार्मिक, भाषिक, जातीय, भूराजनीतिक सामिप्यता वा राज्य विभाजन आदिका कारणले स्वतन्त्र बस्ने अथवा अर्को राज्यमा बिलयन हुने प्रावधानमा आत्मनिर्णयको अधिकारलाई पारियो । सन २०४७ मा सिङ्गै भारतले ब्रिटिश उपनिवेशबाट स्वतन्त्र बस्न पाउने आफ्नो आत्मनिर्णयको अधिकारको प्रयोग गरेर ब्रिटेनको विरूद्ध स्वतन्त्रताको आन्दोलन गर्‍यो, 'भारत छोडो'को नारा पनि घन्कायो, भारत स्वतन्त्र पनि भयो । तर त्यसैबीचमा आत्मनिर्णयको अधिकारलाई सरोकारवाला स्वार्थनिहीत तत्वहरूले जनसंख्या, जाति, धर्म र भाषाका आधारमा राज्य फुटाउन, विभाजन गर्ने सिद्धान्तलाई स्वीकारेर एउटै भारतलाई हिन्दूस्थान र पाकिस्तान दुई राज्यमा बिभाजन गरे । (राष्ट्रका लागि सामयिक विश्लेषण)


## गुरूहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरूहरूको सम्मान गरौं,
- गुरूबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरू शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षा मार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



